# प्रभाव दैनिक

National Daily

वर्ष ११ | अंक ९७ | काठमाडौं | आइतबार, १३ साउन २०८१ | Prabhab National Daily | Sunday, July 28, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं

०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९

marketing2prabhab@gmail.com


# देशभर १० जनामा हैजा संक्रमण

- ललितपुरमा सात र कैलालीमा तीन जनामा हैजा पुष्टि
- सरसफाइमा विशेष ध्यान दिन विज्ञको सुझाव

■ बुनु थारू

**काठमाडौं–** स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)ले देशभर हालसम्म १० जनामा हैजा संक्रमण पुष्टि भएको जनाएको छ। ललितपुरमा सात र कैलालीमा तीन जनामा हैजा पुष्टि भएको महाशाखाका निर्देशक डा. यदुचन्द्र घिमिरेले जानकारी दिए।

उनले हैजाबाट बच्न व्यक्तिगत सरसफाइ र सम्बन्धित निकायको व्यवस्थापकीय भूमिका महत्त्वपूर्ण रहेको बताए। उनले भने, 'हैजाको सम्बन्ध सरसफाइबाहेक खानेपानीको आपूर्तिसँग पनि जोडिएको छ। ललितपुरमा इनारको पानीमा दिसामा देखिने जीवाणु भेटिएको हो। ढलबाट मिसिएको हुनसक्छ। शौचालयको अवस्था र फोहोरको व्यवस्थापन कस्तो छ त्यसले पनि भर पर्छ। हैजा फैलिन नदिन यी सबैमा ध्यान दिनु जरुरी छ।'

हैजा 'भिब्रियो कोलेरी' प्रजातिको जीवाणुबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखालासम्बन्धी रोग हो। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका संक्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुनले भने, 'हैजाका जीवाणु संक्रमित खाना वा पानीको सेवनका कारण लाग्ने गर्दछ। सरसफाइ तथा स्वच्छ खानेपानीको कमीले यो रोग फैलिने सम्भावना रहन्छ।'

हैजा संक्रमण भएको एक दिनभन्दा कम समयदेखि पाँच दिनसम्म लक्षणहरू देखा पर्छन्। हैजा संक्रमण भयो र उपचार पाएन भने केही घण्टामै संक्रमितको मृत्यु पनि हुनसक्ने विज्ञ बताउँछन्। डा. पुनका अनुसार यसका मुख्य लक्षणमा पातलो तथा चौलानी पानीजस्तो दिसा, वाकवाकी र बान्ता हुने, कडा



हैजा दुषित पानीबाट एकदमै सहज र सरल तरिकाले फैलिने गर्दछ। धाराको पानी मान्छेले उमालेर वा फिल्टर गरेर खान्छन् तर जारको पानी धेरैले त्यसो गर्दैनन्। किनेको पानी पिउनयोग्य नै छ भनेर सिधै खानु हुँदैन। हैजाबाट बच्न सुरक्षित पानी, व्यक्तिगत सरसफाइ र अनुगमन जरूरी छ।

**डा. शेरबहादुर पुन**
संक्रामक रोग विशेषज्ञ

जलवियोजन हुने हुन्छ। कडा लक्षण देखिएमा आँखा गाडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुनु, तिर्खा लाग्नु, छाला सुक्खा हुनु, रक्तचाप कम हुन, पिसाब पहेँलो हुनु र पिसाबको मात्रा कम हुने हुन्छ।

डा. पुनले मुख्यतः तीनवटा कुरामा ध्यान दिन सके हैजालाई नियन्त्रणमा राख्न सकिने बताए। पहिलो सुरक्षित पानी, व्यक्तिगत सरसफाइ र अर्को अनुगमन। उनी सबैभन्दा महत्त्वपूर्ण पाटो सफा र स्वच्छ पानी सेवन गर्नुपर्ने बताउँछन्।

(क्रमशः पृष्ठ २ मा)

# प्रस्तावित निर्वाचन आयुक्त प्रधानमाथि गम्भीर नैतिक चरित्रको प्रश्न

■ जेबी योञ्जन

- प्रधानको नियुक्ति सिफारिस अनुमोदन गर्ने वा नगर्नेबारे सोमबार निर्णय हुने
- फौजदारी प्रकृतिको नैतिक चरित्रसँग जोडेर प्रधानमाथि प्रश्नैप्रश्न
- नेपाल कानुन समाजमा कार्यरत एक महिलालाई तीन वर्ष यौन शोषण गरेको आरोप
- कतै उजुरी नहाल्न भन्दै महिलालाई एक करोड २५ लाख दिएको खुलासा



**काठमाडौं–** प्रस्तावित निर्वाचन आयुक्त कृष्णमान प्रधानमाथि फौजदारी प्रकृतिको गम्भीर नैतिक चरित्रसँग जोडेर सांसदहरूले प्रश्न उठाएपछि उनी अनुमोदन हुनेमा आशंका पैदा भएको छ। गत २ असारमा निर्वाचन आयुक्त सिफारिस भएका उनको ४५ दिनसम्ममा सुनुवाइ भइसक्नुपर्छ।

उनलाई अनुमोदन गर्ने कि नगर्ने? यसबारे निर्णय लिन सोमबारका लागि संसदीय सुनुवाइ समितिको बैठक बोलाइएको छ। उनीबारे समितिमा सुनुवाइ भने भइसकेको छ। समिति सचिव तथा संसद्का महासचिव पद्मप्रसाद पाण्डेयले सोमबार बिहान साढे ११ बजे बस्ने बैठकले प्रधानबारे निर्णय लिने बताए। प्रधानले आफूलाई लामो समयसम्म यौन शोषण गरेको भन्दै नेपाल कानुन समाजमा कार्यरत एक महिलाले समितिमा उजुरी दिएकी थिइन्। उनले समितिमै उपस्थित भएर रुँदै बयान दिएकी थिइन्।

प्रधानले भने ती महिलासँगको विवाद अदालतमा मिलाइसकेको भन्दै समिति बैठकमा पन्छिने प्रयास गरेका थिए। तर, पैसा दिएर अदालतमा दायर फिरादपत्र फिर्ता गर्न लगाएको महिलाले आरोप लगाएकी थिइन्।

संवैधानिक निकायमा पदाधिकारी नियुक्तिका लागि योग्यताका चार आधार संविधानमै किटान गरिएको छ। संविधानको धारा २४५ को उपधारा (६) ले संवैधानिक आयोगका पदाधिकारीहरूको योग्यताका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको, नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, ४५ वर्ष उमेर पूरा भएको र उच्च नैतिक चरित्र भएको उल्लेख छ। प्रस्तावित निर्वाचन आयुक्त प्रधानमाथि उच्च नैतिक चरित्रको प्रश्न उठाइएको छ।

(क्रमशः पृष्ठ २ मा)

## पीडित महिलाको उजुरीमा के छ?

उजुरीकर्ता पीडित महिलाका अनुसार कृष्णमान प्रधानसँगको सम्बन्धकै कारण उनको घरबार बिग्रियो। बच्चा जन्माइनन्। तर, पछिल्लो समय प्रधान टाढिँदै गए। त्यहीबीचमा आगामी दिनमा कहीँकतै पनि आफूविरुद्ध जाहेरी नगर्न भन्दै एक करोड २५ लाख रूपैयाँ दिएको उनले उल्लेख गरेकी छन्। प्रधानले आफूलाई सन् २०१९ देखि २०२२ सम्म तीन वर्ष यौन शोषण गरेको उनको आरोप छ। प्रधानले प्रायः साँझ ५ वा ५:३० बजे आफ्नो अफिस कानुन समाजमा बोलाउने र हरेक शनिबार बोलाएर यौन शोषण गरेको र आइएनजिओमा जागिर लगाइदिने प्रलोभन देखाएको पनि उजुरीमा उल्लेख गरेकी छन्।

यतिसम्मकी आफूविरुद्ध भएको यौन शोषणबारे उनलाई प्रहरीकहाँ जान प्रधानले रोकेका थिए। चार घण्टासम्म अफिसमै बन्दीसमेत बनाएको बताइएको छ। उनले आफूलाई प्रधानले हनी ट्र्याप (आपराधिक लाभ)को आरोपमा जेल कोच्नसमेत खोजेको उजुरीमार्फत भनेकी छन्।

# कोशीमा चार मन्त्रालय लिएर सरकारमा जाँदै कांग्रेस

**काठमाडौं (प्रस)–** नेकपा माओवादी केन्द्रले समर्थन फिर्ता लिएर सरकारबाट बाहिरिएसँगै कोशी प्रदेशमा नेपाली कांग्रेस मन्त्रीको नाम टुंगो लगाउन सक्रिय भएको छ। त्यसका लागि कांग्रेसले मापदण्ड बनाएको छ। मापदण्ड बनाएपछि कांग्रेसबाट मन्त्री हुनेको नाम र संख्याको बाँडफाडमा नेताहरू सहमतिनजिक पुगेका छन्।

मापदण्डअनुसार सहमति भए प्रदेशमा सभापति शेरबहादुर देउवापक्षबाट दुई जना, नेता डा. शेखर कोइराला र कृष्णप्रसाद सिटौला पक्षबाट एक-एक जना मन्त्री हुने छन्। पार्टीमा भागबण्डा नमिल्दा नेकपा एमालेका हिक्मत कार्की नेतृत्वको सरकारमा कांग्रेसले मन्त्री पठाउन सकेको छैन। पार्टी संसदीय दलका प्रमुख सचेतक गोपाल तामाङका अनुसार एक/दुई दिनमै सबै टुंगो लगाएर मन्त्रीहरूको नाम सरकारमा पठाइने छ।

'हामी आन्तरिक छलफलमै छौं। भर्खरै माओवादी सरकारदेखि बाहिरियो। हामीले आन्तरिक भागबण्डा एक/दुई

> मन्त्रीको नाम टुंग्याउन आन्तरिक भागबण्डा मिलाउँदै कांग्रेस
>
> देउवापक्षबाट दुई तथा कोइराला र सिटौला पक्षबाट एक-एक जना मन्त्री हुने

दिनमै टुंगो लगाउँछौं र सरकारलाई पूर्णता दिन सहयोग गर्छौं,' उनले प्रभावसँग भने।

यसअघि कांग्रेस कोशी प्रदेश संसदीय दलको बैठक काठमाडौंमा बसेको थियो। बैठक बसे पनि मन्त्री बन्ने आकांक्षी धेरै भएका कारण कांग्रेसले मन्त्री हुनेको नाम मुख्यमन्त्री कार्कीलाई दिन सकेन। कोशीमा एमाले र कांग्रेसबीच चार-चारवटा मन्त्रालय लिने सहमति बनेको छ। थप एक जनालाई राज्यमन्त्री बनाउने तयारी भएको छ।

पार्टीमा पहिला मन्त्री भइसकेकालाई सरकार नपठाउने विषयमा सहमति भए खोटाङका भूपेन्द्र राई, इलामका गोविन्द गिरी, मोरङका भीम पराजुली र मोरङकै मानबहादुर लिम्बू मन्त्री हुने कांग्रेस स्रोतको भनाइ छ। शोभा चेम्जोङ र गयानन्द मण्डलमध्येबाट एक जना राज्यमन्त्री हुने बताइएको छ।

माओवादी केन्द्र सरकारबाट फिर्ता भएसँगै तीनवटा मन्त्रालय खाली भएका छन्।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# जर्मनीमा श्रमिक पठाउने योजना अलपत्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको युरोपेली मुलुक जर्मनीसँग नेपाल सरकारले गरेको सम्झौता कार्यान्वयन हुन नसक्दा नेपाली श्रमिक पठाउने कार्य अलपत्र परेको छ। जर्मनीमा श्रमिक पठाउन गत वर्ष असोज २३ गते नेपाल-जर्मन सरकारबीच (जिटुजी) दक्ष श्रम आप्रवासन र ज्ञान आदानप्रदानसम्बन्धी संयुक्त घोषणापत्र (जेडिओएल)मा हस्ताक्षर भएको थियो। उक्त सम्झौता भएको १० महिना बितिसक्दासमेत कुनै प्रक्रिया अघि बढाइएको छैन।

सम्झौतामा हस्ताक्षर भएपश्चात् तीन महिनाभित्रमा प्रशिक्षार्थी नेपाली श्रमिक पठाउनेगरी गृहकार्य भइरहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका तत्कालीन अधिकारीहरूले बताएका थिए। तर, अहिलेसम्म पनि उक्त कार्यमा ठोस प्रगति हुन सकेको छैन्न। दुई देशबीच भएको सम्झौताअनुसार नेपाली नागरिकलाई जर्मनीमा सीप सिकाएर दक्ष बनाएपछि श्रमबजारमा पठाइने भन्ने छ।

नेपालीहरूका लागि रोजगारीको सुनौलो अवसर सिर्जना भए पनि समयमै निर्णय नगर्ने र कार्यान्वयनमा ध्यान नदिने प्रवृत्तिले गर्दा अवसरबाट वञ्चित हुनुपर्ने अवस्था आएको मन्त्रालयकै अधिकारीहरू बताउँछन्। जर्मनीमा सरकारले नै पठाउने कि म्यानपावरमार्फत जान दिने भन्ने अन्योल रहेकाले अहिलेसम्म कुनै




निर्णय हुन नसकेको बताइन्छ। मन्त्रालयमा मन्त्री र सचिवहरूको अदलबदलका कारण थुप्रै कामहरू थाँती रहने गरेको एक उच्च अधिकारीले बताए। उनका अनुसार युरोपमा श्रमिक पठाउने सम्बन्धमा निवर्तमान श्रममन्त्री डोलप्रसाद अर्याल सकारात्मक थिएनन्। 'युरोपमा नेपालीलाई पठाउने सवालमा कुनै प्रक्रिया नै अगाडि बढाइएन,' ती अधिकारीले भने, 'सम्झौता भएका मुलुक जर्मनी र रोमानियामा नेपालीहरूलाई पठाउने विषयमा कुनै सक्रियता नै देखाएनन्।'

म्यानपावर व्यवसायीहरूले युरोपमा नेपाली श्रमिक पठाउने सम्बन्धमा पटक-पटक ध्यानाकर्षण गराए पनि पूर्वमन्त्री अर्यालले कुनै वास्ता नगरेको बताइन्छ। नेपालीलाई म्यानपावरमार्फत युरोपमा पठाउने चाहना त थिएन नै, त्यसमाथि सम्झौताअनुसार जापानमा नेपाली श्रमिक पठाउनेगरी जारी गरेको कार्यविधि नै निष्क्रिय बनाइदिएको ती अधिकारीले बताए। उनका अनुसार वैदेशिक रोजगारीको सन्दर्भमा आवश्यक अध्ययन भइरहेको भन्दै टार्ने गरेका मन्त्री अर्यालले कुनै परिणाम दिन सकेनन्।

जर्मनीमा प्रशिक्षार्थी श्रमिक पठाउने सम्झौताका सम्बन्धमा बाहिर सुनिएजस्तो अलपत्र भएको वा सरकार निष्क्रिय रहेको भन्ने कुरामा कुनै सत्यता नभएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता गोविन्दप्रसाद रिजालले बताए। दुई देशबीच सम्झौता भए पनि जर्मनी जाने नेपाली श्रमिकको संख्या, छनोट प्रक्रिया, सेवा सुविधा कस्तो रहने, पठाउने एजेन्सीले कति सेवा शुल्क लिन पाउने, रोजगार अवधि कति हुनेलगायतका विषयमा नखुलाइएका कारण श्रममन्त्री अर्यालकै पालामा यसबारे प्रस्ट पार्न परराष्ट्र मन्त्रालयमार्फत जर्मनीलाई ड्राफ्ट पठाइएको उनले जानकारी दिए। 'हामीले आधारभूत विषयवस्तु समेटेर ड्राफ्ट पठाएका छौं,' प्रवक्ता रिजालले भने, 'अहिलेसम्म कुनै प्रतिक्रिया आएको छैन, उताबाट जवाफ आउनेबित्तिकै मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाइहाल्छ।'

एकपटक सम्बन्धित मुलुकलाई सोधेर प्रतिक्रिया प्राप्त भएपछि कार्यविधि बनाउने तयारीमा मन्त्रालय रहे पनि कुनै जवाफ नआएका कारण अड्किएको उनको भनाइ छ। जर्मनीमात्र नभएर सँगसँगैजस्तो सम्झौता भएको रोमानियासँग पनि प्रतिक्रियाको अपेक्षा गरिरहेको उनले बताए। हाल रोमानियामा म्यानपावरमार्फत नै श्रमिक पठाउने गरिएको भन्दै यसमा पनि कार्यविधि बनाएर व्यवस्थित गरिने रिजालले जानकारी दिए।

जर्मनी र रोमानियामा श्रमिक पठाउने सन्दर्भमा भइरहेको ढिलाइबारे श्रममन्त्री शरतसिंह भण्डारीले पनि गम्भीर चासो राखेको बताइएको छ। आफू अघिल्लोपटक मन्त्री हुँदा सम्झौता गरेको मुलुकसँग श्रमिक पठाउने सम्बन्धमा कुनै प्रक्रिया अघि नबढेकोप्रति मन्त्री भण्डारीले अध्ययन गरिरहेको उनको सचिवालयले जनाएको छ। मन्त्री भण्डारीले जर्मनी र रोमानियासँग श्रम सम्झौता भएसँगै तत्कालीन अवस्थामा युरोपमा नेपालीहरूका लागि रोजगारीको ढोका खुला भएको घोषणा गरेका थिए। श्रममन्त्री भण्डारी र जर्मनीको संघीय श्रम तथा सामाजिक मामिला राज्यसचिव (उपमन्त्री) लियोनी गेबर्सको उपस्थितिमा जर्मनीमा प्रशिक्षार्थी कामदार पठाउनेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो।




**पृष्ठ १ बाट क्रमशः**

## प्रस्तावित निर्वाचन आयुक्त...

जसबारे सुनुवाइ समितिको बुधबार बसेको बैठकमा सांसदहरूले प्रधानलाई प्रश्नैप्रश्न गरेका थिए । उनी संवैधानिक परिषद्बाट निर्वाचन आयुक्तमा सिफारिस भएका हुन् ।

फौजदारी प्रकृतिको गम्भीर नैतिक चरित्रमाथि प्रश्न उठेपछि यसअघि नै राष्ट्रिय मानवअधिकार आयोगले पनि निर्वाचन आयोगको आयुक्तमा सिफारिस भएका प्रधानलाई सुनुवाइ समितिले अस्वीकृत गर्नुपर्ने भन्दै दबाब दिएको छ । आयोगले प्रधानलाई संवैधानिक आयोगमा नियुक्त हुन अयोग्य रहेको ठहर गरिसकेको छ । तर, ४५ दिनभित्र सुनुवाइ सकेर निर्णय नलिएको अवस्थामा भने उनी स्वतः अनुमोदन हुने छन् । कानुनको यही छिद्रलाई दुरूपयोग गरेर प्रधानको अनुमोदन गराउनसक्ने कतिपयको आशंका छ । यसमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र नेतृत्वको जोडबल रहेको पनि स्रोतले जनाएको छ ।

एमाले प्रमुख सचेतक महेश बर्तौलाले भने यसमा सत्यता नरहेको दाबी गरे । '४५ दिन कटाएर अनुमोदन गर्न खोज्दै छ भन्ने प्रचार कुनै पनि कोणबाट सही होइन,' उनले प्रभावसँग भने, 'संविधान र कानुनले दिएको सीमाभित्र बसेर, उजुरीकर्ताको उजुरी सुनेपछि प्रस्तावित व्यक्तिको सुनुवाइ गरिसकेपछि जे निर्णय लिनुपर्ने हो अब हामी समयभित्र गर्छौं । दायाँबायाँ गर्ने कुरा हुँदैन ।'

प्रधानको शैक्षिक योग्यता र राजनीतिक आबद्धतालाई लिएर भने प्रश्न उठेको छैन । एक जना महिलामाथि यौनशोषण गरेको र त्यससम्बन्धी विवाद अदालतमा पैसा दिएर मिलाएको विषयले उनलाई अप्ठ्यारोमा पारेको हो । उनीविरुद्ध संसदीय सुनुवाइ समितिले कुनै उजुरी भए दिनका लागि गत ७ असारमा आह्वान गरेको थियो । त्यहीबेला प्रधानविरुद्ध ती महिलाको उजुरी परेको थियो । उक्त उजुरी खोलेर १८ असारमा सांसदहरूलाई समितिले दिएको थियो । पीडित महिलाले दिएको हस्तलिखित उजुरीमा अदालतमा गरेको मिलापत्र र लेनदेनको प्रमाणहरूसमेत थिए । उजुरीबारे गहिरो अध्ययनपछि बुधबार सांसदहरूले प्रधानलाई यौन शोषणजस्तो गम्भीर आरोपका सम्बन्धमा सोधपुछ गरेका थिए । कार्ययोजनाबारे पनि जानकारी लिएका थिए । समिति बैठकमा प्रधानको कार्ययोजना भने ओझेल परेको थियो । हरेकजसो समिति सदस्यले उनको नैतिक चरित्रमा केन्द्रित रहेर प्रश्न गरेका थिए ।

तर, उनलाई अस्वीकृत गर्न भने सजिलो छैन । संवैधानिक परिषद्ले गरेको उनको सिफारिसलाई सुनुवाइ समितिका दुईतिहाइ सांसदको मतले मात्रै अस्वीकृत गर्नसक्ने व्यवस्था छ । कानुनको यस्तो व्यवस्थाकै कारण पनि परिषद्ले सिफारिस गरेका व्यक्ति केही अपवादबाहेक संसदीय सुनुवाइबाट अनुमोदन हुने गरेका छन् । यसले गर्दा प्रधान कतै समितिबाट स्वीकृत त हुने होइन ? आशंका पनि उत्तिकै छ ।

उनलाई निर्वाचन आयुक्तमा सिफारिस गर्दा संवैधानिक परिषद् अध्यक्ष तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल थिए । परिषद् सदस्यहरूको हैसियतमा प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल, प्रतिनिधिसभाको विपक्षी दलको नेताको हैसियतमा कांग्रेस सभापति शेरबहादुर देउवा र उपसभामुख इन्दिरा राना थिए । परिषद्ले प्रधानलाई त्यसबेला सर्वसम्मत सिफारिस गरेको थियो ।

## कोशीमा चार...

यस्तै, उद्योग कृषि तथा सहकारी मन्त्रालय मुख्यमन्त्री आफैंले राखेका छन् । खाली भएकै मन्त्रालय लिएर जाने विषयमा कांग्रेस सहमत देखिएको छ । कोशीमा माओवादीले भौतिक पूर्वाधार तथा यातायात, स्वास्थ्य, पर्यटन वन तथा वातावरण मन्त्रालय लिएको थियो । यी तीनै मन्त्रालय हाल खाली छन् ।

उता सुदूरपश्चिम प्रदेशमा पनि कांग्रेस-एमालेले संयुक्त सरकार बनाउने भएको छ । तर, नेकपा एकीकृत समाजवादीबाट मुख्यमन्त्री भएका दीर्घ सोडारीले राजीनामा दिएका छैनन् । बरु, उनले बिहीबार मन्त्रिपरिषद् सदस्य हेरफेर गरे । अल्पमतमा परिसक्दा पनि राजीनामा दिन उनले आनाकानी गरिरहेका छन् । कांग्रेस र एमालेले नागरिक उन्मुक्ति पार्टीले पनि सरकारमा समावेश गर्ने तयारी गरेका छन् । यी तीन दलले मुख्यमन्त्री सोडारीलाई पदबाट राजीनामा दिएर नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्न आग्रह गरेका थिए ।

## देशभर १० जनामा...

'हैजा दुषित पानीबाट एकदमै सहज र सरल तरिकाले फैलिने गर्दछ । धाराको पानी मान्छेले उमालेर वा फिल्टर गरेर खान्छन् तर जारको पानी धेरैले त्यसो गर्दैनन्,' उनले भने, 'किनेको पानी पिउनयोग्य नै छ भनेर सिधै खाइन्छ । विद्यालयदेखि लिएर कार्यालयदेखि लिएर सार्वजनिक स्थलमा जारको पानी राख्ने चलन छ । कतिपय व्यवसायीहरूले प्रशोधित नै नगरेका पानी बजारमा पठाउँदा रहेछन् । जसले गर्दा हैजाको संक्रमण फैलिन्छ ।'

उनी व्यक्तिगत सरसफाइ व्यवहारमा लागू भएको नदेखिएको बताउँछन् । 'शौचालयको व्यवस्थापन राम्रो हुनुपर्छ । शौचालयको व्यवस्थापन कमजोर हुँदा हैजालगायत पानीजन्य रोगहरू फैलिन सक्छ । दिसामा रहेका जीवाणुहरू कुनै कारणले गर्दा बगेर फेरि हाम्रो खानेपानीमा आइपुग्छ । शौचालयको प्रयोग गरेपछि साबुन पानीले मिचिमिचि हात धुन जरुरी छ,' उनले भने ।

डा. पुन कतिपय व्यापारीले प्रशोधन नै नगरी पानी बजारमा ल्याइदिँदा खेरी मानिसहरू बिरामी हुने भएकाले सम्बन्धित निकायले नियमित अनुगमनलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राख्छन् । उनी भन्छन्, 'अनुगमन कडाइका साथ गर्ने हो धेरै हदसम्म नियन्त्रणमा आउँछ । किनभने विकसित देशमा पानीजन्य रोगहरू अत्यधिक कम छ ।'

हैजालगायत पानीजन्य रोगबाट बच्न उमालेको वा क्लोरिन झोल हालेर शुद्धीकरण गरिएको पानी पिउने, खानेकुरालाई राम्ररी पकाएर खाने, खाना बनाउनु अघि र खाना खानु वा खुवाउनु अघि, दिसापिसाब गरेपछि वा बालबालिकाको दिसा धोएपछि, फोहोर चलाएपछि, घर वा कार्यालय छिर्नु अघि, बाहिर सामान छोएपछि साबुन पानीले कम्तीमा २० सेकेन्डसम्म मिचिमिचि हात धुनुपर्ने विज्ञहरूको सुझाव छ । *रासस*

# लुम्बिनीलाई खतराको सूचीमा राख्ने प्रस्ताव अस्वीकृत



**काठमाडौं-** गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई खतराको सूचीमा राख्ने प्रस्ताव अस्वीकृत भएको छ । भारतको नयाँदिल्लीमा यही जुलाई २१ देखि जारी विश्व सम्पदा समिति (युनेस्को वर्ल्ड हेरिटेज कमिटी)को ४६औं सेसनअन्तर्गत शुक्रबार भएको मस्यौदाउपर छलफलमा लुम्बिनीलाई खतराको सूचीमा नराख्ने निर्णय भएको हो ।

नेपालको तर्फबाट लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. गणेशप्रसाद पाण्डेयसहितको टोली उक्त सेसनमा सहभागी हुन नयाँ दिल्ली पुगेको थियो ।

वर्ल्ड हेरिटेज कमिटीका २१ देशमध्ये भारतसहित १९ देशका प्रतिनिधिले बुद्धजन्मस्थल लुम्बिनी विश्वकै अनुपम महत्त्वको स्थल भएकाले नेपाललाई सुधारका लागि समय दिनुपर्ने भन्दै खतराको सूचीमा नराख्ने पक्षमा उभिएका हुन् । बैठकमा लुम्बिनीलाई खतराको सूचीको मस्यौदाउपर भारतले संशोधन प्रस्ताव राखेको र संशोधन प्रस्तावको पक्षमा २१ मध्ये १९ राष्ट्रहरू उभिएको लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले बताए ।

युनेस्कोले विगतदेखि नै लुम्बिनीमा सम्पदा संरक्षणविपरीतका गतिविधि र पूर्वाधार निर्माण भएको भन्दै खतराको सूचीमा राख्ने भन्दै सन् २००२ देखि चेतावनी दिँदै आएको थियो । सन् २०२२ मा पत्र नै पठाएर सचेत गराएको थियो । विश्व सम्पदा समितिको सचिवालयले लुम्बिनीलाई खतराको सूचीमा राख्ने मस्यौदा तयार गरेपछि पर्यटन मन्त्रालय, लुम्बिनी विकास कोषका अधिकारीहरूले कूटनीतिक पहल गरेका थिए ।

लुम्बिनीलाई खतराको सूचीमा नराख्न कोषका उपाध्यक्ष डा. लामाको नेतृत्वमा मन्त्रालयका सचिव, युनेस्को तथा फ्रान्सका लागि नेपाली राजदूत सुधिर भट्टराईलगायतबाट कूटनीतिक पहल भएको थियो । उपाध्यक्ष लामाले नेपालस्थित विभिन्न देशका राजदूतसँगसमेत यस विषयमा जानकारी गराउनुका साथै नयाँ दिल्लीमा जारी बैठकमासमेत लुम्बिनीलाई खतराको सूचीमा नराख्न पहल गरेका थिए । *रासस*


## सेती क्याम्पस
**छबिसपाथिभेरा १, बझाङ्गको**

**बोलपत्र आह्वानको सूचना**

**प्रकाशित मिति २०८१/०४/१३**

यस क्याम्पसको बोलपत्र सम्बन्धी सूचना IFB No.: SCBJH\NCB\W\01-081\082, http:/bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नु हुन तथा सम्बन्धित PPMO को website www.bolpatra.gov.np/egp visit गर्नुहुन अनुरोध छ ।

**क्याम्पस प्रमुख**



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL-NAJM AL-THAQIB CONTRACTING CO.**

पूर्व स्वीकृति मिति २०८०/०९/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/११ LT. No. 297727 चलानी नं. ६०२१२७५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crane Worker | 1 | 0 | 1200 | ४२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,७३० | | | | | | | |
| 3 | Ship Mecanic | 2 | 0 | 1800 | ६३,७३० | | | | | | | |

**कम्पनी : MISSION COMPLETION CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८०/१०/०३ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/११ LT. No. 297975 चलानी नं. ६०२१३११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1000 | ३५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २० गते (4th Aug 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PRAWASHI TRADING & SERVICES**

पूर्व स्वीकृति मिति २०८१/04/१२ LT. No. 307992 चलानी नं. ६०२२२७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXCECUTIVE | 1 | 0 | 2500 | ८९,३०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 2000 | ७१,४४० | | | | | | | |
| 3 | Dry Clean Worker | 0 | 1 | 1500 | ५३,५८० | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 2 | 1 | 1200 | ४२८६४ | | | | | | | |
| 5 | Receptionist | 0 | 1 | 1500 | ५३,५८० | | | | | | | |
| 6 | Representative | 1 | 0 | 2200 | ७८५८५ | | | | | | | |
| 7 | SUPERVISIOR | 0 | 1 | 2500 | ८९,३०१ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २० गते (4st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DYNAMIC STAFFING SOLUTION NEPAL PVT. LTD.** श्रम ईजाजत नं. ८९६/०६७/६८

Samakhusi, Kathmandu, Nepal, Ph No.: +977-01-4357828, 4359518, 9851003862
9841402665, P.O. Box: 5354, Town Planning, Web:info@dssnepal.com.np




## बोलपत्रद्वारा काठ/दाउरा लिलाम विक्रीको सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८१/04/१३ गते**

कार्यालय कम्पाउण्डमा तथा सार्वजानिक स्थानमा रहेका जोखिमयुक्त रुखहरू कटानबाट प्राप्त काठ/दाउरा यस कार्यालयको आ.व.०८१/०८२ को लट नं. १ को साल जातको काठ ६७५.६९ क्यू.फि., साल मिश्रित २० x ५' x ५' साइजको १.५० चट्टा दाउरा र सिसौ जातको काठ ३८.३४ क्यू.फि., काइयो जातको काठ २८.३६ क्यू.फि., आँप जातको काठ १९.४४ क्यू.फि., र सिसौ, आँप र काइयो जातको २० x ५' x ५' साइजको ०.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले प्रथम पटक २१ (एकाइस) दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**डिभिजन वन कार्यालय, तनहुँ**
फोन नं.०६-५५६३१३५


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**आइतबार, १३ साउन, २०८१**

- **मेष** अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ ।
- **वृष** व्यस्तताले शरीर कमजोरीको अनुभूति हुने ।
- **मिथुन** धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ ।
- **कर्कट** सेवामुलक कामबाट धनलाभ प्राप्त हुने ।
- **सिंह** मिहिनेतले उपलब्धि हासिल हुने ।
- **कन्या** विछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट ।
- **तुला** काममा प्रतिस्पर्धा बढ्न सक्छ ।
- **वृश्चिक** आत्माविश्वासको कमीले काममा पछि परिने ।
- **धनु** हडबड गर्नाले काममा बाधा पुग्ने ।
- **मकर** स्वास्थ्यमा ध्यान पुऱ्याउनु पर्नेछ ।
- **कुम्भ** टाढाको यात्राको सम्भावना हुनेछ ।
- **मीन** मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ साउन, २०८१ (२८ जुलाई, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.५७ | १३४.१७ |
| युरो | १ को | १४५.३१ | १४५.९६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.५९ | १७३.३६ |
| स्विस फ्रैन्क | १ को | १५०.२१ | १५०.८९ |
| अस्ट्रेलियन डलर | १ को | ८९.२६ | ८९.६७ |
| क्यानाडियन डलर | १ को | ९७.२५ | ९७.६९ |
| सिँगापुर डलर | १ को | ९९.२८ | ९९.७३ |
| जापानी येन | १० को | ८.४८ | ८.५२ |
| चिनियाँ युआन | १ को | १८.३७ | १८.४६ |
| साउदी अरब रियाल | १ को | ३५.६१ | ३५.७७ |
| कतारी रियाल | १ को | ३६.६३ | ३६.८० |
| थाई भाट | १ को | ३.६७ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३७ | ३६.५३ |
| मलेसियन रिङेट | १ को | २८.४९ | २८.६२ |
| दक्षिण कोरियन वन | १०० को | ९.६१ | ९.६५ |
| स्विडिस क्रोनर | १ को | १२.५१ | १२.५६ |
| डेनिस क्रोनर | १ को | १९.४८ | १९.५७ |
| हङकङ डलर | १ को | १७.१० | १७.१८ |
| कुवेती दिनार | १ को | ४३७.०० | ४३८.९७ |
| बहराइन दिनार | १ को | ३५४.३० | ३५५.८९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**पक्की पुल बगाएपछि ...** | मनाङ नासो गाउँपालिका–९ मा पर्ने स्ल्क्यु छहराको पक्की कलभर्ट पुल असार १७ गतेको बाढीले बगाएपछि अस्थायी पुल निर्माण गरिँदै । पक्की पुल बगाएपछि चामे गाउँपालिका र माथिल्लो मनाङमा सवारी आवतजावत ठप्प भएको छ । *तस्बिरः नवीन लामिछाने/रासस*

सिमलताल घटना

# बस खोज्न प्रयोग गरिएको १९ किलोको चुम्बक हरायो

**काठमाडौं (प्रस)-** चितवनको नारायणगढ-मुग्लिङ सडकखण्डस्थित सिमलतालमा पहिरोसँगै बगेर त्रिशूली नदीमा खसेका दुईवटा बस खोज्न प्रयोग भएको एउटा १९ किलोको चुम्बक शनिबार त्रिशूलीले बगाएको छ ।

नेपाल-भारतका संयुक्त सुरक्षा फौजबाट खोजतलास कार्य जारी रहँदा पनि बस र हराइरहेका यात्रुको अवस्था पत्ता लाग्न नसकेपछि शनिबार भारतबाट मगाइएको दुईवटा चुम्बकको सहयोगमा खोजी गरिएको थियो । खोजी गर्ने क्रममा १९ किलोको चुम्बक त्रिशूलीले बगाएर बेपत्ता भएको सशस्त्र प्रहरी बल नेपालले जानकारी दिएको छ ।

सशस्त्र प्रहरीको विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारका सूचना अधिकारी प्रहरी उपरीक्षक जनक पुरीले एउटा १९ किलोको चुम्बक हराएकाले बस र चुम्बक दुवैको खोजी भइरहेको बताए । उनले अलि तल चुम्बकको संकेत मिलेको तर भेटिनसकेको जानकारी दिए । त्यहाँ १४ र १९ किलोका दुईवटा चुम्बक बसको खोजीका लागि प्रयोग गरिएको थियो ।

गत आइतबारदेखि सशस्त्र प्रहरी बल नेपालको गोताखोरसहित छिमेकी राष्ट्र भारतको राष्ट्रिय आपदा मोचन बल (नेसनल डिजास्टर रेस्पोन्स फोर्स) बाट आएका १२ जनाको प्राविधिक टोलीले संयुक्तरूपमा बस र यात्रुको खोजी गरिरहेको छ ।

गएको असार २८ गते शुक्रबार वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौंबाट गौर जाँदै गरेको बागमती प्रदेश ०३-२४९५ ख ००१ नम्बरको गणपति डिलक्स बस सिमलतालमा खसेको पहिरोसँगै बगेर त्रिशूली नदीमा बेपत्ता भएका थिए ।

उक्त बसमा सवार ६५ जनामध्ये तीनजना सकुशल निस्किएका थिए भने ६२ जना बेपत्ता भएका थिए । २४ यात्रुको विभिन्न क्षेत्रबाट शव निकालिएको छ । अझै दुई बससँगै ३८ यात्रुको अवस्था पत्ता लाग्न सकेको छैन ।

सौर्य एयरलाइन्सको जहाज दुर्घटना

# थप १२ जनाको शव आफन्तले बुझे

**काठमाडौं (प्रस)-** सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा परी मृत्यु भएका १७ जनाको शव आफन्तले बुझेका छन् । जहाज दुर्घटनामा मृत्यु भएका १८ मध्ये शनिबार साँझसम्म १७ जनाका आफन्तले शव बुझेको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

उनका अनुसार मृतक एक विदेशीको प्रक्रिया पुऱ्याएर शव व्यवस्थापन गरिने छ । त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा शव शव परीक्षणपछि शुक्रबार र शनिबार आफन्तले शव बुझेका हुन् । शुक्रबार पाँचजना र शनिबार थप १२ जनाले शव बुझेका हुन् ।

यही साउन ९ गते बुधबार सौर्य एयरलाइन्सको जहाज उड्नेबित्तिकै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा दुर्घटनाग्रस्त हुँदा जहाजमा सवार चालक दलका सदस्यसहित १९ जनामध्ये १८ को मृत्यु भएको थियो । सोही दुर्घटनामा क्याप्टेन मनिषरत्न शाक्य बाँच्न सफल भएका छन् । दुर्घटनामा घाइते क्याप्टेन शाक्यलाई तत्काल उद्धार गरी सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा ल्याई सघन उपचारकक्षमा उपचार गरिरहेको छ ।

# काठमाडौं उपत्यकामा दुर्घटना र मानवीय क्षति घट्यो

**काठमाडौं-** काठमाडौं उपत्यकामा सवारी दुर्घटना र मानवीय क्षति घटेको छ । उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार पछिल्लो तीन वर्षमा उपत्यकामा दुर्घटना र त्यसबाट हुने मानवीय क्षति घट्दो क्रममा रहेको देखिएको हो ।

आर्थिक वर्ष २०७८/७९ मा १० हजार ७३३ सवारी दुर्घटना हुँदा १९१ जनाको मृत्यु भएको थियो । आव २०७९/८० मा १० हजार ६७५ दुर्घटना हुँदा १८७ को मृत्यु र गत आवमा आठ हजार ८८१ सवारी दुर्घटना हुँदा १७७ जनाको मृत्यु भएको कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिए । उनका अनुसार गत आवमा १२९ पुरुष र ४८ महिलाको मृत्यु भएको थियो ।

जनचेतनामूलक कार्यक्रम, सुरक्षा जाँचमा कडाइ, विभिन्न अभियानसहित उपत्यकाको ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउँदा सडक दुर्घटनामा केही कमी ल्याउन सकिएको प्रहरी उपरीक्षक खड्काको दाबी छ । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा दुर्घटना संख्या १६.८ र मृत्यु हुनेमा छ प्रतिशतले कमी आएको उनले जानकारी दिए ।

चालु आवमा पनि दुर्घटना न्यूनीकरण गर्ने लक्ष्यसहित ट्राफिक व्यवस्थापन सुधारलाई थप प्रभावकारी बनाउने योजना अघि बढाइएको खड्काले बताए । जनचेतनामूलक कार्यक्रमले सडक प्रयोगकर्तालाई ट्राफिक नियमको पालना गर्न र सडक सुरक्षालाई आत्मसात् गर्न प्रेरणा दिएको पाइएको उनको बुझाइ छ ।

ट्राफिक सप्ताह कार्यक्रम, यात्रुमैत्री विशेष अभियान, ट्राफिक सचेतना विशेष अभियानलगायत कार्यक्रममा समावेश भएका ट्राफिक गतिविधिमार्फत हालसम्म चार लाख ७७ हजार ३०३ जना प्रत्यक्षरूपमा लाभान्वित भएका प्रहरीले जनाएको छ ।

ट्राफिक प्रहरीले मादकपदार्थ र लागुपदार्थ सेवन गरी सवारी चलाउनेविरुद्धको अभियान, लेन अनुशासन पालना, लापरबाहीका साथ सवारी चलाउने र तीव्रगतिका कारणले हुने दुर्घटना न्यूनीकरणमा अभियान प्रभावकारी बनेको कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले बताए । उनका अनुसार ट्राफिक नियम उल्लंघन गर्ने १० लाखभन्दा बढीलाई ट्राफिक प्रहरीले कारबाही गरी जरिवानाबापत ७२ करोड ६० लाख रूपैयाँ संकलन गरेको छ ।

विभिन्न सडक केन्द्रित सचेतना कार्यक्रम सञ्चालन, ट्राफिक सुरक्षा जाँच, चौकी विस्तार, भित्री गल्ली तथा साँघुरा सडक र करिडोरमा नियमित गस्ती थालिएको बताउँदै प्रहरी वरिष्ठ उपरीक्षक श्रेष्ठले यसलाई अझ प्रभावकारी बनाउन थप योजना बनाइ कार्यान्वयनको चरणमा रहेको जानकारी दिए । *रासस*

# बागमतीमा थपिए कांग्रेसका चार मन्त्री

**बागमती (प्रस)-** बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले शनिबार दोस्रोपटक मन्त्रिपरिषद् विस्तार गरेका छन् । मुख्यमन्त्री लामाले शनिबार नेपाली कांग्रेसका मीनकृष्ण महर्जनलाई युवा तथा खेलकुदमन्त्री, प्रभात तामाङलाई आर्थिक मामिला तथा योजनामन्त्री, सुरजचन्द्र लामिछानेलाई आन्तरिक मामिला तथा कानुनमन्त्री र विमल ठकुरीलाई संस्कृति पर्यटन तथा सहकारीमन्त्रीमा नियुक्त गरेका हुन् ।

नवनियुक्त मन्त्रीहरूलाई शनिबार एक समारोहबीच प्रदेश प्रमुख यादवचन्द्र शर्माले शपथग्रहण गराए । यो सँगै बागमती प्रदेश सरकारको मन्त्रिपरिषद् अब १४ सदस्यीय बनेको छ ।

यसअघि यही साउन ९ गते मुख्यमन्त्री लामाले नेकपा एमालेका प्रकाश श्रेष्ठलाई कृषि तथा पशुपक्षीमन्त्री, किरण थापालाई स्वास्थ्यमन्त्री, कृष्ण सिलवाललाई वन तथा वातारणमन्त्री, सुकमाया तामाङलाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, अमन मास्केलाई भौतिक पूर्वाधार विकासमन्त्री र प्रेमभक्त महर्जनलाई श्रम रोजगार तथा यातायातमन्त्रीको रूपमा नियुक्त गरेका थिए ।

यस्तै कांग्रेसका कुन्दनराज काफ्लेलाई सामाजिक विकासमन्त्री, श्याम खड्कालाई खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री र मधुकुमार श्रेष्ठलाई विनाविभागीय मन्त्रीमा नियुक्त गरेका थिए । शपथग्रहणलगत्तै नवनियुक्त मन्त्रीहरू आ-आफ्ना मन्त्रालयमा पुगेर पदभार ग्रहण गरेका छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : INMA FOR READYMIX & BLOCKS CO.**

पूर्व स्वीकृति मिति: २०८१/04/११ | LT. No. 308029 | चलानी नं. ६०२२२७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : AL MUNIF COMPANY FOR TRADE, INDUSTRY, AGRICULTURE AND CONTRACTING**

पूर्व स्वीकृति मिति: २०८१/04/११ | LT. No. 308030 | चलानी नं. ६०२२२७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २० गते (4th Aug 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १७२/०५६/५७

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np



Government of Nepal

## Provincial Ayurveda and Alternative Hospital

Malangwa

## Invitation for Bids

***(Date of Publication : 26-07-2024)***

1. The Government of Nepal has allocated funds towards the cost of Construction Of Provincial Aayurved Yog, Panchakarma Hospital And Research Centre, Gangapur, Sarlahi and intends to apply part of the funds to cover eligible payments under the Contract for **Construction Of Provincial Aayurved Yog, Panchakarma Hospital And Research Centre,Gangapur, Sarlahi (Contract No: PAAH/Sarlahi/Works/NCB/080/081/01).** Bidding is open to alleligible bidders as per Section V of Bidding Document.
2. Provincial Ayurveda and Alternative Hospital, Malangwa invites electronic bids from eligible bidders for the construction of Construction Of Provincial Aayurved Yog, Panchakarma Hospital And Research Centre,Gangapur, Sarlahi under National Competitive Bidding-Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:

   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 114979351.3
   Minimum Work experience of similar size and nature: NRs. 91326707.55
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Provincial Ayurveda and Alternative Hospital, Malangwa, Malangwa, sarlahi, Malangawa, Sarlahi, Province Two,Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder should download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov. np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding (a non-refundable fee of 10000.0 NRs) document in the Project's Rajaswa (revenue) account as specified below

   **Information to deposit the cost of bidding document in Bank:**

   | | | |
   |---|---|---|
   | **Name of the Bank** | : | Nepal Bank Ltd. |
   | **Name of the Office** | : | Provincial Ayurveda and Alternative Hospital, Malangwa |
   | **Office Code No.** | : | 3500219012 |
   | **Office Account No.** | : | 00101000000001001001 |
   | **Rajaswa (revenue) Shirshak no** | : | 14229 |

6. Pre-bid meeting shall be held at Provincial Ayurveda and Alternative Hospital, Malangawa, Sarlahi Madhesh Pradesh, Nepal at 16-08-2024 10:00 hours.
7. Sealed or electronic bids must be submitted to the office Provincial Ayurveda and Alternative Hospital, Malangwa, Malangwa, sarlahi, Malangawa, Sarlahi, Province Two, Nepal by hand/courier or through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 27-08-2024 12:00. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27-08-2024 14:00 hours at the office of Provincial Ayurveda and Alternative Hospital, Malangawa, Sarlahi, Madhesh Pradesh Nepal. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 4800000 which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### मौद्रिक नीतिले जगाएको आशा

नेपाल राष्ट्र बैंकले अपेक्षाकृत रूपमा लचिलो मौद्रिक नीति ल्याएसँगै निजी क्षेत्रले राहत महसुस गरेका छन् । राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिले संकटमा फसेको अर्थतन्त्रलाई गतिशील बनाउन भूमिका खेल्ने आशा जगाएको छ । अर्थतन्त्रलाई गतिशील बनाउन सजगतापूर्ण लचिलो मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दिइएको राष्ट्र बैंकको भनाइ छ । नयाँ मौद्रिक नीतिको निजी क्षेत्रले पनि स्वागत गरेको छ । यसले गर्दा पनि मौद्रिक नीति सकारात्मक सन्देश प्रवाह गर्न सफल भएको मान्न सकिन्छ ।

अहिले संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन सरकार छ । एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छन् । राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी प्रधानमन्त्री ओलीनिकट हुन् । अर्थमन्त्री एमालेकै विष्णु पौडेल छन् । यही कारण सरकार र राष्ट्र बैंकबीचको टच्युनिङ मिल्न गएको छ । जुन मौद्रिक नीतिमा झल्किन्छ । किनकि विगतामा राष्ट्र बैंक र सरकारबीच आन्तरिका द्वन्द्व चल्ने गरेको थियो । सरकारले ल्याएको बजेट कार्यान्वयनलाई सहज बनाउनेगरी मौद्रिक नीति नआउँदा त्यस्तो समस्या आउने गरेका उदाहरण ताजै छ । यसपटक त्यस्तो समस्या देखिएन । बजेट कार्यान्वयनमा सहजीकरण हुने गरी मौद्रिक नीति आएको छ ।

मौद्रिक नीतिले समष्टिगत आर्थिक स्थायित्व कायम राख्दै आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुर्‍याउँदछ । देशको केन्द्रीय बैंकले यो नीति तर्जुमा गर्दछ । मौद्रिक नीतिले मुद्रा प्रदाय, कर्जा र ब्याजदरको व्यवस्थापनमार्फत आर्थिक स्थायित्व कायम राख्दै आर्थिक वृद्धि तथा रोजगारी सिर्जनामा सहयोग पुर्‍याउने उद्देश्य राखेको हुन्छ । जसले गर्दा अर्थतन्त्रलाई क्रियाशील बनाउन मौद्रिक नीतिको भूमिका महत्त्वपूर्ण हुने गर्दछ । यद्यपि, मौद्रिक नीतिले मात्रै सबै कुरा सम्बोधन गर्दैन । मौद्रिक नीतिले बजारमा ब्याजदरलाई स्थिरता दिने र सँगसँगै लगानीका लागि वातावरण बनाइदिने हो । विभिन्न निकाय र नीतिहरूसँग तादम्यता मिलाएर काम गर्नुपर्ने हुन्छ । त्यसतर्फ मौद्रिक नीति केन्द्रित देखिन्छ ।

बैंकदर र नीतिगतदर घटाइएको छ । निर्माण व्यवसायीलाई प्रवाह भएको कर्जाको साँवाब्याज तिर्ने अवधि २०८१ मंसिर मसान्तसम्म थप गर्ने, उनीहरूलाई चेक अनादर भएका आधारमा मात्र कालोसूचीमा समावेश नगर्नेलगायत विभिन्न सहुलियत दिइएको छ । संस्थागत सेयर धितो कर्जाको सीमा हटाइएको छ । गभर्नर अधिकारीकै भनाइमा समग्र मौद्रिक तथा वित्तीय क्षेत्र व्यवस्थापनका लागि राष्ट्र बैंकले सन्तुलित ढंगले सजगताका साथ लचिलो मौद्रिक नीति ल्याएको छ । अर्थतन्त्रलाई गतिशील बनाउन मौद्रिक नीति कति प्रभावकारी बन्ला भन्ने यसको कार्यान्वयन पक्षमा भर पर्ने छ ।

## मनन्योग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ? क्रमशः

# ओलम्पिकमा नेपालको सहभागिता



■ राजु सिलवाल

> एसियाली खेलकुदमा रजत पदकसम्म जित्न सकेको नेपालले हालसम्म ओलम्पिकमा भने कुनै पदक जित्न सकेको छैन । ओलम्पिकमा सहभागिता अझै पनि औपचारिकतामा सीमित रहेको छ । ओलम्पिकका लागि दीर्घकालीन योजना सञ्चालन नहुनाले यस्ता ठूला प्रतियोगितामा नेपालको सहभागिता खाली औपचारिकतामा सीमित हुन पुगेको हो । यस्ता प्रतियोगितामा विभिन्न खेलमा भाग लिनुभन्दा उचित प्रदर्शन गर्न सकिने सीमित खेललाई जोड दिनु उचित हुने गर्दछ । खेलाडीको क्षमताको मूल्यांकन नगरी कोटा प्राप्त भएकै आधारमा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिनु उचित हुन्छ कि हुँदैन ? गम्भीर भएर सोच्नुपर्ने बेला पनि आएको छ ।

फ्रान्समा शुक्रबारदेखि औपचारिकरूपमा सुरु भएको ३३औं गृष्मकालीन ओलम्पिकमा कुन देशले कस्तो प्रदर्शन गर्ला तथा कुन मुलुकले अत्यधिक पदक हासिल गर्ला विश्वभरिका मानिसका लागि कौतुहलताको विषय बनेको छ । ओलम्पिकअन्तर्गत फुटबल, रग्बीलगायतका खेलका प्रतियोगिता भने गत बुधबार नै सुरु भइसकेका छन् ।

ओलम्पिकमा भाग लिन नेपाली खेल टोली पनि राजधानी पेरिस पुगिसकेको छ । यसपालि एक नेपाली खेलाडी छनोट प्रतियोगिता जितेर ओलम्पिकमा सहभागी हुन गएका छन् । टेबुल टेनिस खेलाडी स्याण्टु श्रेष्ठ दक्षिण एसियाको छनोट चरण पार गरेर ओलम्पिकमा सहभागी हुन सफल भएका छन् । अन्य खेलाडीहरूलाई भने कोटा तथा वाइल्ड कार्डको आधारमा सहभागी गराइएको हो । नेपालले ओलम्पिकमा विभिन्न छ खेलमा सात खेलाडीलाई सहभागी गराउँदै छ । नेपालका अन्य खेलाडीहरूमा जुडोमा मनिता श्रेष्ठ प्रधान, एथलेटिक्समा सन्तोषी श्रेष्ठ, स्विमिङमा डुवाना लामा र एलेक्जान्डर शाह, ब्याडमिन्टनमा प्रिन्स दाहाल, सुटिङमा सुस्मिता नेपाल छन् । नेपालले पहिलोपटक ओलम्पिकमा ब्याडमिण्टनमा भाग लिन लागेको हो ।

नेपालले ओलम्पिकमा भाग लिएको यो १५औं पटक हो । पेरिसमा शुक्रबार राति आयोजित भव्य उदघाटन समारोहमा नेपालको पनि सहभागिता रह्यो । ओलम्पिकमा २०६ ओलम्पिक राष्ट्रिय टिम सहभागी छन् । यसमध्ये एसियाका ४४ वटा देशले भाग लिएका छन् । ओलम्पिकमा शरणार्थी टिमकोसमेत सहभागिता रहेको छ । नेपालले सन् १९६४ देखि ओलम्पिकमा भाग लिन सुरु गरेको थियो । पेरिस ओलम्पिकमा विभिन्न ३२ वटा खेलका ३२९ वटा इभेण्टस् सञ्चालन हुँदै छन् ।

यसअघि ओलम्पिकका लागि छनोट खेल पार गरी सहभागी हुन सफल नेपाली खेलाडीमध्ये पहिलो खेलाडीमा तेक्वान्दोकी खेलाडी संगीना वैद्य थिइन् । सन् २००४ मा ग्रीसको राजधानी एथेन्समा आयोजित ओलम्पिकमा उनी छनोट चरणमा जितेर भाग लिन सफल भएकी थिइन् । सन् २००८ मा चीनको राजधानी बेइजिङमा आयोजित ओलम्पिकमा तेक्वान्दो खेलाडी दिपक विष्ट पनि छनोट खेल जितेर ओलम्पिक खेल्न गएका थिए । अन्य खेलाडी भने कोटा तथा वाइल्ड कार्डको आधारमा ओलम्पिकमा सहभागी हुँदै आइरहेका छन् । ओलम्पिकमा एथलेटिक्स तथा स्विमिङ खेलमा अनिवार्य सहभागी पठाउनुपर्ने नियमअनुसार ती खेलमा नेपाली सहभागी बढी भएको पाइएको हो ।

#### विगतको सहभागिता

सन् १९६४ मा जापानको राजधानी टोकियोमा आयोजित ओलम्पिकदेखि नेपालले ओलम्पिकमा प्रतिस्पर्धा गर्न सुरु गरेको थियो । त्यतिखेर नेपाली टिममा दुई धावक र चार जना बक्सरलाई समावेश गरिएको थियो । बक्सरहरू भने हङकङस्थित गोरखा रेजिमेण्टमा कार्यरत नेपाली सैनिकहरू थिए । सन् १९६८ मा मेक्सिकोमा आयोजित ओलम्पिकबाहेक नेपालको ओलम्पिकमा सहभागिता छुटेको छैन । हालसम्म सबैभन्दा धेरै एथलेटिक्सका खेलाडीहरूले नेपालको तर्फबाट ओलम्पिकमा भाग लिएका छन् ।

सन् १९७२ मा जर्मनीको म्युनिखमा आयोजित ओलम्पिकमा नेपालबाट दुई धावक सहभागी भएका थिए । सन् १९७६ मा क्यानडाको मोर्टियलमा आयोजित ओलम्पिकमा नेपालको तर्फबाट धावक वैकुण्ठ मानन्धरले मात्र भाग लिएका थिए । उनले लगातार चारवटा ओलम्पिकमा दौडेर नेपालबाट सबैभन्दा धेरै पटक ओलम्पिकमा सहभागी हुने अवसर प्राप्त गरेका थिए ।

सन् १९८० मा रुसमा आयोजना गरिएको ओलम्पिकमा नेपालबाट एथलेटिक्स, बक्सिङ र भारोत्तोलनमा १२ जना खेलाडी सहभागी भएका थिए । सन् १९८४ मा अमेरिकाको लसएन्जल्समा आयोजित ओलम्पिकमा पनि एथलेटिक्स, भारोत्तोलन बक्सिङमा ११ जना खेलाडी पठाइएको थियो । सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा आयोजित ओलम्पिकमा नेपालको खेल टोली विगतमा भन्दा ठूलो थियो । त्यस प्रतियोगितामा नेपालले एथलेटिक्स, बक्सिङ, भारोत्तोलन, जुडो, सुटिङ र तेक्वान्दो खेलमा १८ जना खेलाडीलाई सहभागी गराएको थियो । सन् १९९२ मा स्पेनको बार्सिलोना ओलम्पिकमा तेक्वान्दो, सुटिङ र एथलेटिक्समा पाँच जनाले भाग लिएका थिए । सन् १९९६ मा अमेरिकाको एटलाण्टामा एथलेटिक्स, भारोत्तोलन र सुटिङमा छ जना गएका थिए ।

यस्तै सन् २००० मा अस्ट्रेलियाको सिड्नीमा नेपालले एथलेटिक्स, स्विमिङ तथा सुटिङमा गरी पाँच खेलाडी पठाएको थियो । सन् २००४ मा ग्रीसको एथेन्समा नेपालबाट तेक्वान्दो, एथलेटिक्स, भारोत्तोलन र सुटिङमा छ जना खेलाडी पठाइयो । सन् २००८ मा चीनको राजधानी बेइजिङमा आयोजित ओलम्पिकमा पनि एथलेटिक्स, जुडो, सुटिङ, स्विमिङ र तेक्वान्दोमा नौ खेलाडी सहभागी गराइएको थियो । सन् २०१२ मा लण्डन ओलम्पिकमा एथलेटिक्स, स्विमिङ र सुटिङमा भाग लिन चार जना नेपाली गएका थिए । सन् २०१६ मा दक्षिण अफ्रिकाको रियोदी जेनिरियोमा नेपालले एथलेटिक्स, स्विमिङ, जुडो र आर्चरीमा गरी छ जनालाई सहभागी गराएको थियो । सन् २०२१ को जापानको टोकियो ओलम्पिकमा एथलेटिक्स, स्विमिङ र एथलेटिक्समा पाँच जना खेलाडीले भाग लिएका थिए ।

#### गौरवमय त्यो क्षण

सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा भएको गृष्मकालीन ओलम्पिक प्रतियोगितामा नेपालले तेक्वान्दो खेलमा कास्य पदक पाएको थियो । खेलाडी विधान लामाले उक्त पदक जितेका थिए । सन् १९८६ मा विधानसहित आठ नेपाली खेलाडीले सियोलमै एसियाली खेलकुदमा कास्य पदक पनि पाएका थिए । सम्पूर्ण नेपालीहरू गौरवान्वित बनेको त्यो खुसीको क्षण क्षणिक बन्न पुग्यो । त्यतिखेर ओलम्पिकमा तेक्वान्दो खेललाई प्रदर्शन खेलका रूपमा समावेश गरिएकाले खेलाडी लामाले जितेको पदकलाई आधिकारिक मान्यता प्रदान नगरिएपछि नेपाल आधिकारिक पदक तालिकामा अंकित हुनबाट वञ्चित हुन पुगेको थियो ।

#### नगण्य उपलब्धि

ओलम्पिकमा नेपाली खेलाडीहरूको सहभागिता १५ चोटी पुगे पनि हालसम्म सहभागितामै सीमित रहेको छ । एसियाली खेलकुदमा रजत पदकसम्म जित्न सकेको नेपालले हालसम्म ओलम्पिकमा भने कुनै पदक जित्न सकेको छैन । ओलम्पिकमा सहभागिता अझै पनि औपचारिकतामा सीमित रहेको छ । ओलम्पिकका लागि दीर्घकालीन योजना सञ्चालन नहुनाले यस्ता ठूला प्रतियोगितामा नेपालको सहभागिता खाली औपचारिकतामा सीमित हुन पुगेको हो । यस्ता प्रतियोगितामा विभिन्न खेलमा भाग लिनुभन्दा उचित प्रदर्शन गर्न सकिने सीमित खेललाई जोड दिनु उचित हुने गर्दछ । खेलाडीको क्षमताको मूल्यांकन नगरी कोटा प्राप्त भएकै आधारमा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिनु उचित हुन्छ कि हुँदैन ? गम्भीर भएर सोच्नुपर्ने बेला पनि आएको छ ।

प्रतियोगिताको केही समयअघि खेलाडी जम्मा गरी दिइएको प्रशिक्षण ओलम्पिकजस्तो विश्वस्तरीय प्रतियोगिताका लागि अपर्याप्त भएको अनुभव विगतदेखि नै हुँदै आइरहेको छ । सीमित समय र सानो लगानीले ओलम्पिकमा सफलता सम्भव नभएको कुरा स्वयं खेल क्षेत्रसँग सम्बन्धित अधिकारी तथा प्रशिक्षकहरूले बताउँदै आइरहेका छन् । वर्षैभरि नियमित प्रशिक्षण, पर्याप्त मात्रामा खेल प्रतियोगितामा सहभागिता, वैदेशिक प्रशिक्षण र प्रतियोगितामा जाने अवसरले खेलाडीको क्षमता अभिवृद्धि गर्दै लैजाने गर्दछ । यसैगरी उनीहरूलाई यथोचित सुविधातर्फ पनि ध्यान दिनु जरुरी पर्दछ । यसै सिलसिलामा हालसम्म कयौं स्थापित खेलाडीहरू समेत विदेश पलायन हुनु चिन्ताको विषय बनेको छ ।

नेपालमा सरकार परिवर्तनसँगै त्यसको प्रत्यक्ष असर खेलकुद क्षेत्रमा पनि पर्ने गरेको छ । खेलकुद क्षेत्रको आधिकारिक निकाय राष्ट्रिय खेलकुद परिषद्मा हुने गरेको पदाधिकारी परिवर्तनले पनि नेपालको समग्र खेलकुदको विकासमा असर पर्ने गरेको छ । नेपालमा भएका सयौं खेलकुद संघ पनि नेपालको अन्तर्राष्ट्रिय असफलतामा जिम्मेवार रहेका छन् । नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीजस्ता विभागीय टिमहरूले खेलाडीहरूलाई रोजगार दिई नियमितरूपमा प्रशिक्षण सञ्चालन गरेर नेपालको अन्तर्राष्ट्रिय सहभागितामा यथाशक्य योगदान दिइरहेका छन् ।

दक्षिण एसियाली मुलुकहरूमध्ये भारतले हालसम्म ओलम्पिकमा ३५ वटा पदक जितिसकेको छ । यसैगरी पाकिस्तानले १० तथा श्रीलंकाले दुई वटा पदक पाइसकेका छन् । अब नेपालले पनि ओलम्पिकजस्तो खेलकुद प्रतियोगितालाई औपचारिकतामा मात्र सीमित हुन नदिई पदक प्राप्तिका लागि उचित पहल गर्न जरुरी भइसकेको छ । ओलम्पिक भनेको खेलाडीले राष्ट्रिय कीर्तिमान भंग गर्दा गौरव गर्ने क्षण होइन । पदक जितेर मुलुकको छवि जाज्वल्यमान बनाउने महत्त्वपूर्ण अवसर हो । नेपाल सरकारले पनि ओलम्पिकलाई उच्च प्राथमिकता दिई दीर्घकालीन वार्षिक योजना बनाउन तथा पदक प्राप्तसम्मका लागि आवश्यक पूर्वाधारहरू जुटाउन नेतृत्व लिनुपर्ने आवश्यकता देखिएको छ । *रासस*

# हैजा संक्रमणको कारण र बच्ने उपाय

नेपालमा बर्सेनि गर्मी र वर्षाका बेला हैजाका बिरामी फेला परेका समाचार सुनिन्छ । यो वर्ष पनि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले गत साता राजधानी काठमाडौंमा एक व्यक्तिलाई हैजाको संक्रमण भएको पुष्टि गरेको छ । यस्तै ललितपुरका चार जनामा पनि हैजाको संक्रमण पुष्टि भएको छ । हैजा पानीजन्य सरुवा रोग हो र यो दूषित पानी वा खाद्यपदार्थ सेवन गर्दा सर्छ । गर्मी बढेसँगै राजधानीमा पानीको अभाव देखिने गरेको छ । हैजाको बिरामी फेला परेपछि यो रोगको प्रकोप फैलिन्छ कि भन्ने त्रास बढेको छ ।

हैजा भन्नाले भिब्रियो कलेरा नामको ब्याक्टेरियाको कारणले हुने सानो आन्द्राको संक्रमण भन्ने बुझिन्छ । नेपाली बृहत् शब्दकोशमा यसलाई तारन्तार दिसा र वमन भइरहने एक संक्रामक रोग भनेर लेखिएको छ । यसका लक्षणहरू कुनै पनि नदेखिनेदेखि मध्यम हुँदै गम्भीरसम्मका हुन्छन् । केही दिनसम्म निरन्तर तथा ठूलो मात्रामा पातलो दिसा लाग्नु यस रोगको प्रमुख लक्षण हो । वान्ता हुने तथा मांसपेसी बाउँडिने समस्या पनि देखिनसक्छ । हैजाका कारणले लाग्ने पखालाले केही घण्टाभित्रै गम्भीर जलवियोजन तथा इलेक्ट्रोलाइटको असन्तुलन गराउँछ । यसका कारण आँखा गढ्ने, छाला चिसो हुने, छालाको लचकतामा कमी आउने तथा हातगोडा चाउरी परेर जाने पनि हुन सक्छ । शरीरमा भएको जलवियोजनका कारण छाला निलो भएर जान सक्छ । हैजाको कीटाणु शरीरमा प्रवेश गरेको दुई घण्टादेखि पाँच दिनसम्ममा लक्षणहरू देखिने गर्दछन् ।

हैजा विभिन्न प्रकारका भिब्रियो कलेरा ब्याक्टेरियाका कारणले हुने रोग हो । जसमध्ये केहीले अत्यन्तै कडा खालको रोग लगाउने गर्दछन् । यो रोग प्रायः भिब्रियो कलेरा ब्याक्टेरिया भएको दिसाको सम्पर्कमा आएको पानी तथा खानाका कारण सर्ने गर्दछ । राम्रोसँग नपाकेको समुद्री खाना (सी फुड) यो ब्याक्टेरियाको मुख्य स्रोत हो । हैजाले मानिसलाई मात्र असर पुर्‍याउँछ ।



■ डा. केदार कार्की

> हैजा र अन्य पानीजन्य सरूवा रोग रोकथाम गर्न खानेपानीको स्रोत सफा राख्न आवश्यक छ । खानेपानीका साथै ढल व्यवस्थापन गर्न पनि उत्तिकै महत्वपूर्ण मानिन्छ । सबै व्यक्तिले एउटै स्रोतको पानी प्रयोग गर्ने तथा ढल र शौचालयको व्यवस्थित उपाय नभएको ठाउँमा हैजाले महामारीको रूप लिनसक्ने सम्भावना बढी हुन्छ ।

सरसफाइको अभाव, सफा पिउने पानीको अभाव तथा गरिबीले यसको जोखिमलाई बढाउने गर्दछ । त्यस्तै समुद्री सतह बढ्यो भने पनि हैजाको संक्रमणदर बढ्छ भन्ने विश्वास गरिन्छ । दिसाको परीक्षण गरेर हैजाको पहिचान गर्न सकिन्छ ।

हैजा गम्भीर खालको झाडापखाला हो । समयमा उपचार गरिएन भने पीडित व्यक्तिको मृत्यु केही घण्टामै हुन सक्छ । अनुसन्धानकर्ताहरूका अनुसार विश्वभरि बर्सेनि १३ देखि ४० लाख मानिसलाई हैजाको संक्रमण हुने गर्दछ । हैजाका कारण संसारभरि बर्सेनि २१ हजारदेखि एक लाख ४३ हजार मानिसको मृत्यु हुने गरेको आँकलन गरिएको छ । हैजा भएका ८० प्रतिशत बिरामीको जीवनजल प्रयोग गरेर सफलतापूर्वक उपचार हुन्छ । गम्भीर खालको हैजा लाग्दा तत्काल एन्टिबायोटिक र नसाबाट सलाइन दिएर उपचार गर्नुपर्छ । अरू पानीजन्य रोगमा जस्तै हैजा रोकथाम गर्न सुरक्षित पानी तथा सरसफाइ महत्त्वपूर्ण हुन्छ । विश्वमा हैजाबाट हुने मृत्यु ९० प्रतिशतले घटाउने उद्देश्य राखेर सन् २०१७ मा एउटा रणनीति ल्याइएको छ ।

अन्य झाडापखालाझैं हैजा हुँदा पनि पातलो दिसा र वान्ता हुन्छ । तर हैजा लागेको व्यक्तिले तारन्तार पातलो चौलानी पानीजस्तो दिसा गर्ने र वमन गर्ने चिकित्सकहरूको भनाइ छ । जसका कारण छिट्टै शरीरमा जलवियोजन हुने खतरा हुन्छ । त्यसैले शरीरमा पानीको मात्रा कम हुन दिनुहुँदैन र दिसा नरोकिए तुरुन्त अस्पताल जानु बेस हुन्छ । जलवियोजनका कारण मांसपेसी बाउँडिने समस्या हुन्छ । सामान्य झाडापखाला लागेको र एक-दुई पटक दिसा भएको हो भने त्यो व्यक्तिले घरमै जीवनजल खाएर स्वास्थ्य अवस्था कस्तो हुन्छ त्यो विचार गर्नुपर्ने हुन्छ । तर तारन्तर चौलानी पानीजस्तो पातलो दिसा भयो भने नजिकैको स्वास्थ्य चौकी जाने सुझाव चिकित्सकहरूको छ । यसको उपचारका लागि शरीरबाट घटेको पानी तथा लवणतत्त्व सलाइनमार्फत दिइन्छ र एन्टिबायोटिकको पनि प्रयोग हुन्छ ।

हैजाको जीवाणुले सानो आन्द्रामा आक्रमण गर्छ । गर्मी र वर्षाको समयमा पानीको स्रोतमा हैजाको जीवाणु मिसिन पुग्यो भने दूषित पानी पिउने मानिसमा यो रोगको संक्रमण हुन सक्छ । दूषित पानी प्रयोग भएको खाद्यपदार्थबाट पनि यो सर्न सक्छ । त्यसैले पानी उमालेर तथा खाद्यपदार्थ राम्ररी पकाएर खान चिकित्सकहरू सल्लाह दिन्छन् । हैजा लागेको व्यक्तिको दिसा पानीमा पुगे ब्याक्टेरियाले पानी दूषित पार्दछ र त्यो पानी पिउने मानिसमा सर्छ । त्यसैले सरसफाइमा विशेष ध्यान दिनु नै हैजाबाट बच्ने उचित उपाय हो ।

हैजा र अन्य पानीजन्य सरुवा रोग रोकथाम गर्न खानेपानीको स्रोत सफा राख्न आवश्यक छ। खानेपानीका साथै ढल व्यवस्थापन गर्न पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ। सबै व्यक्तिले एउटै स्रोतको पानी प्रयोग गर्ने तथा ढल र शौचालयको व्यवस्थित उपाय नभएको ठाउँमा हैजाले महामारीको रूप लिनसक्ने सम्भावना बढी हुन्छ । यसका साथै व्यक्तिगत सरसफाइमा पनि ध्यान दिनु आवश्यक भएको स्वास्थ्यकर्मीहरू बताउँछन् । खाना खानुअघि, खाएपछि, फोहोर चलाएपछि र शौचालय गएपछि साबुनपानीले हात धुने बानी बसाल्दा यो रोगको नियन्त्रण गर्न सकिन्छ ।

विश्व स्वास्थ्य संगठनले हैजा फैलन नदिन बचाऊ तथा सुरक्षा, तयारी र प्रतिक्रियामा केन्द्रित हुन सिफारिस गरेको छ । संगठनले हैजामाथि निगरानी राख्ने प्रणालीको व्यवस्था गर्न जोड दिएको छ । हैजाले मानिसलाई मृत्युको मुखमा पुर्‍याउन सक्ने भए पनि उपयुक्त सरसफाइका विधि अपनाउन सकेमा यसबाट सजिलै बच्न सकिन्छ । विकसित देशहरूमा साधारणतया सरसफाइ तथा विश्वव्यापी सुधारिएको पानी उपचार विधि अपनाइने हुनाले हाल हैजा मुख्य स्वास्थ्य समस्याको रूपमा रहेको छैन ।

अझै पनि धेरै स्थानमा खानेपानी र ढलको व्यवस्थापन तथा व्यक्तिगत सरसफाइको स्थिति चित्त बुझ्दो नभएकाले काठमाडौंबाहिर पनि हैजाको फैलनसक्ने सम्भावना रहेको बताइन्छ । देशका कतिपय स्थानमा झाडापखालाको कारण पत्ता लगाउन राम्रा प्रयोगशाला नभएकाले हैजा हो कि हैन त्यो पत्ता लगाउन गाह्रो भएको देखिन्छ । हैजा देखिएका ठाउँमा त्यो जीवाणु भएको स्रोत पत्ता लगाएर त्यसको व्यवस्थापन गर्नु सबैभन्दा उचित उपाय मानिन्छ ।



**पहिरो पन्छाउँदै** | म्याग्दीको रघुगंगा गाउँपालिका-२ र ३ वडाको सिमानामा पर्ने अधेरीखोलामा पहिरो पन्छाउँदै मजदुर । बेनी-जोमसोम सडकमा खस्ने पहिरो रोकथामका लागि पहिरो पन्छाएर पर्खाल निर्माण थालिएको हो । *तस्बिरः सन्तोष गौतम/रासस*

# अझै हटेन पशुचौपाया छाडा छाड्ने प्रवृत्ति



**कैलाली-** कैलालीमा पशुचौपाया छाडा छाड्ने प्रवृति अझै हट्न सकेको छैन । पशुचौपाया दूध दिउञ्जेल तथा उपयोग गरुञ्जेल राख्ने तर उपयोग हुने अवस्था नरहेपछि जथाभावी छाड्ने प्रवृति कायमै छ । यसले यहाँका मुख्य बजार तथा बस्तीहरूमा चुनौती थपिँदै गएको छ ।

पशु कल्याण समिति धनगढीका अध्यक्ष चेतराज अवस्थी फाइदा हुञ्जेल पशुचौपायाको स्याहारसुहार गर्ने र काम नलाग्ने भएपछि जथाभावी छाड्ने गरेकाले व्यवस्थापनमा निकै समस्या देखिन थालेको बताए । 'काम नलाग्ने भएपछि छाडा छाड्ने गाईगोरुका कारण बजारमा सडक दुर्घटनाको जोखिम बढेको छ । धनगढीको छ लेन सडकमा दैनिकजसो एक/दुई गाईगोरु गाडीसँग ठोक्किएर मरेकै हुन्छन् । हाम्रो संस्थाले १०० भन्दा बढी पशुको त उपचार गरिसकेका छौं,' उनले भने ।

केही वर्ष पहिले यहाँका स्थानीयका घरघरमा दूध खानका लागि गाई पाल्ने गर्थे । गाईबाट जन्मिएका गोरुलाई खेत जोत्नका लागि प्रयोगमा ल्याइन्थे । कृषिको आधुनिकीकरणसँगै आएका कृषि औजारका कारण गोरुको प्रयोग गरेर खेती गर्ने कार्य विस्थापित हुँदै गएको छ । घरमा गाई पालेर दूध खाने चलन पनि विस्तारै हराउँदै छ । पाल्नेहरूले पनि दूध दिन छाडेपछि गाईलाई सडकमा छाड्ने गरेका छन् ।

स्थानीय अगुवा शेरबहादुर विष्टले पशुचौपाया छाड्ने प्रवृति हट्न नसकेको बताए । यसबाट यहाँका किसान मारमा परेको उनले बताए । छाडा पशुचौपायाका कारण किसानलाई खेतमा लगाएको खाद्यान्न बाली जोगाउनै समस्या भएको विष्टको गुनासो छ ।

कृषक दुर्गा जोसीले पैसा खर्च गरेर खेतमा लगाएको अन्नबाली छाडा चौपायाले चरेर नोक्सानी बेहोर्नुपरेको दुःखेसो पोखे । 'अर्काको जमिन भाडामा लिई खेती गर्दै आएको छु । थुप्रै पैसा खर्च गरेर धान रोपेको थिएँ । केही जमिनमा तरकारी लगाएको छु तर रातको समयमा पशु आएर खाइदिनाले जोगाउन निकै सकस भएको छ,' उनले भने ।

छाडा पशुचौपाया दिनभर बजार क्षेत्रमा डुल्ने र रात परेपछि खेतबारीमा आएर बालीनाली नोक्सान गर्ने गरेका छन् । किसानलाई मात्रै होइन स्थानीय तहलाई पनि यसरी छाडेका पशुचौपाया व्यवस्थापनमा समस्या भएको छ । धनगढी उपमहानगरपालिकाले छाडा पशुचौपायाको व्यवस्थापनका लागि वडा नं ७ स्थित देवहरीयामा गौशाला निर्माण गरेको छ । धनगढी-३ चटकपुरमा पनि केही वर्ष अगाडिदेखि गौ संरक्षण सेवा समितिमार्फत गौशाला निर्माण गरी सञ्चालनमा ल्याइएको छ । धनगढीको फूलबारी र बेहडाबाबामा पनि गौशाला सञ्चालनमा ल्याइएका छन् भने कतिपय स्थानहरूमा काञ्जी हाउससमेत निर्माण गरिएका छन् ।

धनगढीसँग पश्चिम सिमाना जोडिएको छिमेकी जिल्ला कञ्चनपुर, गोदावरी नगरपालिका र खुला भारतीय सीमानाकाका कारण चौपाया भित्रिने क्रम नरोकिएकाले व्यवस्थापनमा थप चुनौती थपिएको छ । गौ संरक्षण सेवा समितिका उपाध्यक्ष चेतराज अवस्थीले धनगढीका साथै खुला सीमानाका कारण अन्य क्षेत्रबाट चौपाया आउने गरेकाले व्यवस्थापनमा चुनौती रहेको बताउँछन् । 'यहाँका विभिन्न ठाउँमा गौशाला र काञ्जी आउस बनाइएका छन् तर पनि बजारमा समस्या कायमै छ । छाडा चौपायाको व्यवस्थापनका लागि स्थानीय तहबाट केही प्रयास भए पनि समस्या समाधान हुन सकेको छैन,' उनले भने ।

त्यसैले मुख्य बजार तथा समस्या भएका क्षेत्रमा छाडा पशुचौपायाको व्यवस्थापन गर्न स्थानीय तहमात्रै नभई प्रदेश र संघीय सरकारले पनि आवश्यक सहयोग गर्नुपर्ने अवस्थीलगायत स्थानीय सरोकारवालाको भनाइ छ । *रासस*

# चितवनमा ६४ जनामा डेंगु संक्रमण



**चितवन-** चितवनमा ६४ जनामा डेंगुको संक्रमण देखिएको छ । जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख दिनेश रूपाखेतीका अनुसार ३०० जनाको परीक्षणका क्रममा उनीहरूमा डेंगु संक्रमण देखिएको हो । संक्रमितमध्ये ५१ जना चितवनका हुन् । साउन महिनाको ११ गते सम्ममा उनीहरूमा डेंगु संक्रमण देखिएको हो ।

रूपाखेतीका अनुसार यस वर्ष इच्छाकामना गाउँपालिकामा डेंगुको संक्रमण बढेको छ । गाउँपालिकामा हालसम्म ४५ जनामा डेंगुको संक्रमण देखिएको उनले बताए । भरतपुर महानगरपालिकामा हालसम्म छ जनामा डेंगु देखिएको छ । उनले भने, 'डेंगुको संक्रमण इच्छाकामना गाउँपालिका र भरतपुर महानगरपालिकाको बजार क्षेत्रमा बढी छ ।' संक्रमण बढेसँगै संक्रमित क्षेत्रमा सचेतना बढाइएको उनले बताए ।

जिल्लामा २०८० साउनदेखि २०८१ असारसम्म एक हजार ८३१ जनामा डेंगुको संक्रमण देखिएको थियो । प्रमुख रूपाखेतीका अनुसार २३ हजार ८४० जनाको परीक्षणका क्रममा उनीहरूमा संक्रमण देखिएको हो । विशेषगरी भदौ र असोजमा डेंगु रोग बढी देखिने गर्दछ । उनले भने, 'अहिले साउनको सुरुआतदेखि नै डेंगुको संक्रमण देखिन थालेको छ ।' यो रोग एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ । यो लामखुट्टेले प्रायः बिहान र बेलुकाको समयमा टोक्छ । वर्षात्को महिनासँगै जताततै पानी जम्न थालेपछि यो रोग देखिने गर्छ ।

यो लामखुट्टेले प्लास्टिक, टिनका डब्बा, ड्रमहरू, थोत्रा वा पुराना टायर, गमला, कुलरमा जम्मा भएको सफा पानी, खुला पानीको ट्याांकी, आदिमा फूल पार्ने गर्दछ । यी ठाउँमा जम्मा भएको पानीलाई सफा नगर्दा रोगको प्रकोप बढ्छ । डेंगु लाग्दा आँखाको गेडी तथा टाउको धेरै दुख्ने, शरीर कट्कटी दुख्ने, जोर्नी, हड्डी तथा मांसपेशी दुख्ने, शरीरमा बिबिरा आउने र रक्तश्राव हुने, उच्च ज्वरो आउनेजस्ता लक्षण देखा पर्छन् । यस्तै वाकवाकी लाग्ने, वान्ता हुने, पेट दुख्ने, नाक वा गिँजाबाट रगत बग्ने, रक्तश्राव हुनेजस्ता लक्षण देखापर्ने उनले बताए । डेंगुबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु हो ।

डेंगु ज्वरो नेपालमा पहिलोपटक सन् २००४ मा चितवनमा देखिएको थियो । चितवन घुम्न आएका एक जापानी पर्यटकमा यो रोग पुष्टि भएको थियो । उनलाई सामान्य ज्वरो आएका कारण उपचारपश्चात् जापान फर्किएर परीक्षणका क्रममा डेंगु पुष्टि भएको कार्यालय प्रमुख रूपाखेतीले जानकारी दिए । त्यसपछि सन् २००६ मा तराई र भित्री मधेसका केही जिल्लामा डेंगुका बिरामी भेटिएका थिए । सन् २००९ मा चितवनमा नौ जनामा डेंगुको संक्रमण देखिएको उनले बताए । योसँगै आपसका जिल्लाबाट पनि ज्वरोका बिरामी उपचारका लागि चितवन आउने गरेका थिए । सन् २०१० मा तीन हजार २९८ जनाको परीक्षणका क्रममा ७३९ जनामा डेंगु संक्रमण देखिएको थियो ।

यस्तै आर्थिक वर्ष २०७४/७५ मा एक हजार २९१ जनाको परीक्षणका क्रममा ५९ जनामा डेंगु पुष्टि भएको थियो । सो समयमा एक जनाको मृत्यु भएको कार्यालयको तथ्यांकमा उल्लेख छ । यस्तै आव २०७५/७६ मा एक हजार ९५१ जनाको परीक्षणका क्रममा ३१ जनामा डेंगु भेटिएको थियो । आव २०७६/७७ मा १९ हजार २३० जनाको परीक्षणका क्रममा चार हजार ८०३ जनामा संक्रमण देखिएको थियो भने तीन जनाको मृत्यु भएको थियो । आव २०७७/७८ मा एक हजार ७१७ जनाको परीक्षणका क्रममा २४३ जनामा डेंगु रोग देखिएको कार्यालयले जनाएको छ ।

आव २०७८/७९ मा १४ हजार ९७८ जनाको परीक्षण गरिएकामा तीन हजार ३३६ जनामा संक्रमण पुष्टि भएको थियो । त्यस वर्ष डेंगुका कारण चार जनाको मृत्यु भएको उनले जानकारी दिए । आव २०७९/८० मा पाँच हजार ४५४ जनाको परीक्षण गर्दा ३०३ जनामा डेंगुको संक्रमण देखिएको थियो । *रासस*

# भोटखोलामा एक महिनादेखि यातायात सेवा अवरुद्ध

**संखुवासभा (प्रस)-** उत्तर दक्षिण कोशी राजमार्गअन्तर्गतको संखुवासभाको भोटखोला सडक एक महिनादेखि बन्द छ । सो गाउँपालिका जोड्ने इकुवा खोलाको पक्की पुल बगाएपछि यातायात सेवा अवरुद्ध भएको हो ।

गत असारको पहिलो साताको बाढीपहिरोले इकुवा खोलाको पक्की पुल बगाएको हो । मकालु गाउँपालिका-३ इकुवा खोलामा पक्की पुल बगाउँदा भोटखोला गाउँपालिका जाने सडक बन्द भएको हो । मकालु-३ र भोटखोला-४ को बीचमा रहेको इकुवा खोलाको पुलले दुवै गाउँपालिकालाई जोडेको थियो ।

पुल बगाउँदा रु चार करोडको क्षति भएको उत्तर दक्षिण कोशी सडक आयोजनाले जनाएको छ । सो क्षेत्रमा यातायात पुनः सञ्चालन गर्न समय लाग्ने देखिन्छ । उक्त पुल २०७९ सालमा निर्माण गरिएको थियो । पक्की पुल बगाएपछि मकालु गाउँपालिका केही वडा र भोटखोला गाउँपालिका प्रभावित भएका छन् । पहिराले उत्तर-दक्षिण राजमार्गमा पर्ने विभिन्न सडक खण्डमा क्षति पुऱ्याएको छ ।

# नागरिकताको अभिलेख नहुँदा सास्ती

**कैलाली (प्रस)-** कैलालीको टीकापुरका झनकप्रसाद तिमिल्सिना लामो समय शिक्षण गरेर सेवानिवृत्त भए । उनले सेवानिवृत्त भएपछि राज्यबाट पाउने निवृत्तिभरण पाइरहेका छन् । चालु आर्थिक वर्षबाट निवृत्तिभरणका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि उनको पुरानो नागरिकताले काम नगर्दा नयाँ बनाउनुपर्ने भयो ।

वि.सं. २०३४ मा जिल्ला प्रशासन कार्यालय अछामबाट जारी भएको नागरिकताको प्रतिलिपि उनले लिन पाएनन् । सशस्त्र द्वन्द्वका समयमा अछाम जिल्ला प्रशासन कार्यालयमा भएका सबै विवरण नष्ट भएका कारण तिमिल्सिनाको पुरानो अभिलेख भेटिएन । पुरानो अभिलेख नभेटेपछि उनले नयाँ नागरिकता बनाउनुको विकल्प रहेन ।

'नागरिकता पुरानो भए पनि सबै कुरा प्रस्ट देखिन्छ । त्यो नागरिकताले राष्ट्रिय परिचयपत्र बन्दैन,' उनी भन्छन्, 'प्रतिलिपिका लागि पुरानो अभिलेख छैन । नयाँ बनाउँदा आजसम्म पेस भएका निकायमा नयाँ नागरिकता लिएर विवरण सच्याउँदै जानुपर्ने हो कि भन्ने चिन्ता छ ।'

यो समस्या तिमिल्सिनाको मात्रै होइन । सशस्त्र द्वन्द्वका समयमा जिल्ला प्रशासन कार्यालय अछाममा अभिलेखका लागि राखिएका सबै कागजात नष्ट भएका कारण कयौंलाई समस्या भएको छ । जिल्ला प्रशासन कार्यालय अछाममा २०५८ साल अगाडिको कुनै अभिलेख छैन । वि.सं. २०५८ अगाडि नेपाली नागरिकता लिएकाले अहिले प्रतिलिपि नलिएर नयाँ नागरिकता लिनुपर्ने भएको छ । नागरिकता हुँदाहुँदै राष्ट्रिय परिचयपत्रका लागि नयाँ नागरिकता बनाउनुपर्ने बाध्यताले कयौंले दुःख पाएका छन् ।

टीकापुरकै पार्वती उपाध्याय उमेरले ९० पुगिन् । सामाजिक सुरक्षाभत्ताका लागि राष्ट्रिय परिचयपत्र बनाउनुपर्ने भएपछि नयाँ नागरिकता लिनुपर्ने बाध्यता उनलाई आइलागेको छ । 'पुरानो नागरिकता हुँदाहुँदै नयाँ बनाउन प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता छ,' उनी भन्छिन्, 'पुरानो आधार नभएकाका लागि नयाँ नागरिकता आवश्यक भए पनि भएकाको त्यसैबाट काम हुँदा मजस्ता कयौंले दुःख पाउने थिएन ।'

सरकारले मातहतका कार्यालयमा अभिलेख नभए पनि बुझिने विवरण भएका नागरिकलाई टिप्पणीका आधारमा नागरिकताको प्रतिलिपि उपलब्ध गराए सहज हुने सेवाग्राहीको बुझाइ छ । त्यसमा पनि अरूको सहारामा हिँड्नुपर्ने ज्येष्ठ नागरिक झन् अप्ठ्यारोमा परेका छन् । घरमा अभिभावक नभएका ज्येष्ठ नागरिकलाई सबैभन्दा बढी समस्या हुन थालेको छ । नयाँ नागरिकताका लागि साक्षी व्यक्ति नै सेवाग्राहीले पाउन सकेका छैनन् ।

वडा कार्यालयदेखि इलाका प्रशासन कार्यालयसम्म धाउनुपर्दा दुःख पाएको लम्कीचुहा नगरपालिका-७ का पदम बोहरा बताउँछन् । 'राष्ट्रिय परिचयपत्रका कारण बुढेसकालमा दुःख पाइयो । कहिले प्रशासन कहिले वडा कार्यालय धाउँदाधाउँदा हैरान छु,' उनी भन्छन् । नागरिकताको सिफारिसका लागि साक्षी बस्ने व्यक्ति पाउन नै मुस्किल हुने गरेको उनले बताए ।

इलाका प्रशासन कार्यालय टीकापुरका प्रमुख भुमिश्वर पोखेलले पुरानो अभिलेख नभएर नयाँ नागरिकता बनाउने सेवाग्राहीले दुःख पाएको बताए । उनका अनुसार विभागले पुरानो अभिलेखका आधारमा मात्रै नागरिकताको प्रतिलिपि लिन सकिने, अन्यथा नयाँ प्रक्रियाबाट गएर नयाँ नागरिकता लिनुपर्ने व्यवस्थाले सेवाग्राहीलाई समस्या भएको हो । विभागबाट जस्तो परिपत्र भएको छ त्यसैअनुसार सेवाग्राहीको काम गर्ने हो । परिपत्र भएअनुसार नयाँ प्रक्रियामा जानुपर्नेलाई त्यसैअनुसार गर्न भनेका छौं भने प्रतिलिपिको हकमा पनि त्यहीँ हो । उनले भने, 'सरकारी निकायमा अभिलेख नभएर व्यक्तिले पाएको प्रमाणपत्रका आधारमा पुरानो नागरिकताका आधारमा प्रतिलिपि दिन सकेको भए धेरै सेवाग्राहीलाई सहज हुने थियो ।'

# भीमदत्तका दर्जन घर कटानको जोखिममा



**वेदकोट (कञ्चनपुर)-** कञ्चनपुरको भीमदत्त नगरपालिका-९ का देवबहादुर चन्दको पक्की घर वरपर भ्वाङैभ्वाङ परेको छ । घरको केही भागको माटो कटान गरेर घर भत्किने जोखिम छ ।

गत असार तेस्रो साता आएको बाढीले घर वरपरको जमिन कटान गरेको चन्द बताउँछन् । 'अविरल वर्षापछि निर्माणाधीन महाकाली तेस्रो चरणको नहर भरिएर बस्तीतिर पस्यो । त्यही बाढीले कटान गर्दा घर भत्किने डर छ,' उनले भने ।

बाढीले कटान गरेर घर जोखिममा परेको एक महिना पुग्नै लाग्दा पनि तटबन्ध निर्माण हुन नसक्दा डराइडराइ बस्नुपरेको उनको गुनासो छ । 'तटबन्ध निर्माणका लागि बारम्बार माग गरिरहेका छौं । तर हाम्रो पीडा कसैले सुनेन,' उनले भने, 'पानी पर्दा कुन बेला घर तहसनहस पार्छ ? डराइडराइ बस्नुपर्ने बाध्यता छ ।'

भीमदत्त नगरपालिका-९ निङलाशैनी टोलका दर्जनभन्दा बढी घर जोखिममा छन् । कटान गरेर भ्वाङ पारिएको ठाउँमा अहिले त्रिपाल टाँगिएको छ । 'अस्थायी तटबन्ध निर्माण गर्ने केही राहत हुन्थ्यो । तटबन्ध नहुँदा त्रिपाल टाग्नुपर्ने बाध्यता छ,' स्थानीय मोहन नाथले भने, 'आकाशमा बादल लाग्ना साथ निद्रा लाग्दैन ।'

स्थानीयले अस्थायी तटबन्ध निर्माणको माग गरेका छन् । 'यहाँ खोला नदी केही छैन । कहिल्यै बाढी आएको थिएन । पानीले नहर भरिएपछि बस्तीतिर आएर क्षति पुऱ्याएको हो,' तुम्णानीकी राजमतीदेवी विष्ट भन्छिन्, 'यस्तो घरमा जोखिम मोलेर कसरी बस्ने ?'

उनका अनुसार कालोपत्रे सडक भत्किएपछि आवतजावतमा समस्या भएको छ । बाढीले दुई कट्ठा जमिन र त्यसमा बनेको पसल भत्काएको स्थानीय भुवन सिंह धामीले बताए । चुरेमा भएको वर्षापछि आएको बाढीले ब्रह्मदेव र महेन्द्रनगर जोड्ने सडकमा पनि क्षति पुगेको छ । थोरै वर्षाले पनि अब सडक भत्किएर महेन्द्रनगरसँगको सम्पर्क टुट्ने जोखिम रहेको भीमदत्त नगरपालिका-९ का राम नाथले जानकारी दिए ।

भीमदत्त नगरपालिका-९ स्थित स्थानीय थापा चौराह जोड्ने सडकको कल्भर्ड बाढीले बगाउँदा भीमदत्तको वडा नम्बर ६, ७ र ८ सँगको सडक अवरुद्ध विच्छेद भएको छ । 'कल्भर्ड भत्किएको छ । गाडी सञ्चालन गर्न सकिने अवस्था छैन,' नाथले भने, 'कल्भर्ड भत्किएको ठाउँनिर हिँडेर जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता छ ।' *रासस*


**नागरिक कम्युनिटी टिचिङ्ग हस्पिटल लिमिटेड**
**(कम्पनी ऐन २०६३ बमोजिम स्थापित कम्पनी)**
**भक्तपुर, नेपाल**

**सोह्रौं वार्षिक साधारणसभा सम्बन्धी सुचना**

श्री आदरणिय शेयरधनी महानुभावज्यूहरु, यस कम्पनीको सञ्चालक समितिको मिति २०८१/०४/०३ गतेको बैठकको निर्णय अनुसार यस नागरिक कम्युनिटी टिचिङ्ग हस्पिटल लिमिटेडको सोह्रौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान** :
मिति : २०८१/०५/०१ शनिवार (तदनुसार अगष्ट १७,२०२४)
समय : बिहान ११:०० बजे
स्थान : नागरिक कलेज अफ हेल्थ साइन्सको परिसर भित्र, गट्ठाघर, भक्तपुर ।

**वार्षिक साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरु**

१. अध्यक्षज्यूको मन्तव्य तथा सोह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन माथि छलफल र पारित गर्ने ।
२. कम्पनीको आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०८०/०८१ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।
३. यस कम्पनीको सहायक कम्पनी नागरिक कलेज अफ हेल्थ साईन्स लि.को आ.व. २०८०/०८१ को वित्तिय विवरण्ण सहितको एकिकृत वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने ।
४. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लागि लेखापरिक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।
५. कम्पनीको हालको अधिकृत तथा जारी पुँजी वृद्धि गर्ने र सो को लागि कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।
६. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

नोटः- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय गट्ठाघर,भक्तपुर फोन नं. ०१-५६३९१८४ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

रूपशाला

## राम कार्कीको 'काँचको मुटु' सार्वजनिक

संगीत साधक राम कार्कीको स्वरमा नेपाली सांगीतिक बजारमा आईरहेका व्यावसायीक गीतहरूको तुलनामा निकै नै गहकिलो गीतको रूपमा रहेको 'काँचको मुटु' सार्वजनिक भएको छ भने गीतको शब्द रचना सरोजराज अधिकारीले गरेका हुन् । राम कार्की कै संगीत र संगीत संयोजन रहेको काँचको मुटु पछिल्लो समय बजारमा आएका गीतहरू मध्येको एक उत्कृष्ट गीतको रूपमा चर्चित भईरहेको छ । कलाकार ज्योती खड्का र स्वय राम कार्कीको अभिनय रहेको काचको मुटुको भिडियो सुरेस थापाले निर्देशन गरेका हुन् ।




# 'साहित्य साधनाका लागि नेपाल ऊर्वर भूमि'




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली भूमि कला- संस्कृतिका लागि ऊर्वर भूमि भएको बताएका छन् । लेखक नेत्रप्रसाद गौतमद्वारा लिखित विभिन्न कृतिको आज यहाँ लोकार्पण गर्दै उनले हाम्रो मुलुक साहित्य साधनाको ऊर्बर भूमि र ज्ञानको उद्भव स्थल हो भने ।

'मानिसका अनुभव र अनुभूतिहरू सङ्गहित र परीक्षित भएपछि ज्ञान बन्छ । ज्ञानको सङ्गह र वितरणको आरम्भ पृथ्वीको यही भागबाट भएको हो ।', प्रधानमन्त्री ओलीले भने, 'नेपालका घाँस, पात र परिङ्गर, पँधेरामा पनि आँशु कविता प्रकट हुने वातावरण छ । यो वातावरणलाई विस्तार गरेर जाने सन्दर्भमा गौतमको लेखनी अघि बढ्दै जाओस् भन्ने चाहन्छु ।'

उनले भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौडेल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा जस्ता महान् साहित्यकारहरू नेपालमा जन्मिएको सन्दर्भ उल्लेख गर्दै रोधी घरमा बसेर तत्काल गीत बनाएर गाउने कला र प्रतिभा नेपालीहरूमा रहेको छ भने । कार्यक्रममा प्रधानमन्त्री ओलीले ८१ वर्षीय गौतमका 'मेरो इतिहास', 'नेत्रका तीन खण्डकाव्य' र 'भूत पिसाचका कथा' कृति लोकार्पण गरेका छन् ।

लेखक गौतमबाट अझै थप कृतिको आशा व्यक्त गर्दै प्रधानमन्त्री ओलीले उमेर ढल्केपनि स्वास्थ्यका लागि थुप्रै पद्धति, उपकरण र चिकित्सा विज्ञान विकास भइसकेकाले ज्येष्ठ नागरिकले रोगको चिन्ता गर्नु नपर्ने बताए ।

आफू दुई पटक मिर्गौला फेरेर पनि स्वस्थ्य नै रहेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री ओलीले विज्ञान र प्रविधिले आविष्कार गरेका विधिलाई मानवीय हित र उपचारमा प्रयोग गर्न सक्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेकपा (एमाले) का महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीपकुमार ज्ञवाली, सल्लाहकार कमिटीका अध्यक्ष अमृतकुमार बोहरा, समीक्षक रवीन्द्र भट्टराईले लेखक गौतमका कृतित्व र व्यक्तित्वबारे चर्चा गरेका थिए ।

# पूर्वप्रधानमन्त्री नेपालले गरे 'नमेटिने घाउ' मा डबिङ

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र 'नमेटिने घाउ' मा अभिनय गरेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आफ्नो भागको दृश्यको डबिङ गरेका छन् । शुक्रबार रेडियो नेपालको स्टुडियोमा उपस्थिति भएर नेपालले चलचित्रको आफुले अभिनय गरेको संवादको डबिङ गरेका हुन् ।

अभिनेता रमित ढुङ्गानाले निर्देशन तथा निर्माण रहेको सत्य घटनामा आधारित चलचित्र 'नमेटिने घाउ' मा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको समेत अभिनय रहेको हुँदा केहि दिनमा उनले पनि आफुले अभिनय गरेको दृश्यको डबिङ गर्ने निर्देशक रमित ढुङ्गानाले जानकारी दिए ।

प्रदर्शनको तयारीमा रहेको चलचित्र 'नमेटिने घाउ' एसिड सर्भाइभरहरूको बास्तविक जीवनीमा आधारित छ । चलचित्रमा एसिड आक्रमणमा परेका ३३ जना पीडितहरूको कथालाई समेटेर बनाईएको छ । फिल्ममा शिवम् अधिकारीको कथा रहेको छ । लेखक अधिकारीले पटकथा साढे दुई वर्ष लगाएर फिल्म लेखेका हुन् ।

चलचित्रमा मुस्कान खातुन, प्राप्ति पौडेल, इभा गिरी, कमल देबकोटा, सन्दीपबाबु लोहनी, रचना गौतम, प्रभात पाल ठकुरी, आरती आचार्य, अखिल बजगाईं, उपेक्षा न्यौपाने, क्रान्ति शाह, वीरेन्द्र सिंह कुसुहा, लालना चिमोरिया, स्वस्तीमा कार्की, लिजा कोरानी, एलिसा गुरुङ, बिशाल देबकोटा, आरजु अधिकारी, आरजु लेखक लगायतको अभिनय रहेको छ । चलचित्रमा सुरवीर पण्डित, सुनील कटुवाल पुराना अनुहार रहने छ भने मुख्य भूमिकामा अधिकांश नयाँ अनुहारहरूको अभिनय रहेको छ ।

रमित ढुंगाना फिल्म प्रोडक्शनको ब्यानरमा निर्माण गरिएको यस चलचित्रमा प्रहरी उपरीक्षकद्वय बाल नर्सिह राणा र कुमुद ढुगेल, प्रहरी निरीक्षक जे, आर शर्मा लगायत दुई सय भन्दा बढी प्रहरीको अभिनय रहेको छ । 'नमेटिने घाउ'मार्फत सांसदद्वय देवेन्द्र पौडेल र ज्ञानेन्द्र शाहीको समेत अभिनय रहेको छ ।

चलचित्रमा निरज कंडेलको छायांकन, बनिश शाहको सम्पादन, ओम सुनारको संगीत र किरण ढकालको एक्शन रहेको छ ।

# 'शाम्बाला' भदौ २८ मा रिलिज हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** मीनबहादुर भाम निर्देशित फिल्म 'शाम्बाला' भदौ २८ गते (सेप्टेम्बर १३)मा रिलिज हुने भएको छ । शुक्रवार साँझ ललितपुरमा आयोजित एक कार्यक्रमबिच फिल्मको रिलिज मिति घोषणा गरिएको हो ।

ड्रामा, एड्भेन्चर र म्याजिक रियालज्ममा निर्माण फिल्मको प्रदर्शन एप्पल इन्टरटेनमेन्टले गर्न लागेको हो । नेपाली र तिब्बती भाषामा रिलिज हुने यो फिल्मलाई नेपालमा अङ्ग्रेजी र नेपाली सबटाइटलमा समेत प्रदर्शन गरिनेछ । कार्यक्रममा फिलमका निर्देशक भामले पहिलो फिल्म कालोपोथी केही हलमा मात्र रिलिज भएको जनाउँदै यो फिल्म भने देशभर रिलिज हुने जानकारी दिए ।

झन्डै १४ करोड नेरु बजेट तय रहेको यो फिल्मलाई अहिलेसम्मकै महँगो नेपाली फिल्म बताइएको छ । यो फिल्मले नेपालको चलचित्र विकास बोर्डसहित विश्वका १७ अन्तर्राष्ट्रिय संस्थाबाट फण्ड जितेको छ । फिल्म नेपालको पश्चिमी हिमाली क्षेत्रमा प्रचलित बहुपतिप्रथाको कथा उठाएको छ ।

फिल्ममा सोनम तोप्देन थिन्ले ल्हामो, तेन्जिङ डल्हा, कर्मा वांग्याल गरुङ, कर्मा शाक्य, लोटन निमलिङ, जंग बहचादुर लामा लगायतका कलाकारको मुख्य भूमिका छ ।



# क्लाइम्बिङ संघको नेतृत्वमा पौडेल

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल क्लाइम्बिङ स्पोर्ट्स एसोसिएसनको अध्यक्षमा रमेशकुमार पौडेल चयन भएका छन् । संघको पूर्ण बैठकले अध्यक्ष हरिप्रसाद धरेलले दिएको राजीनामा स्वीकृत गरी वरिष्ठ उपाध्यक्ष पौडेललाई अध्यक्षमा चयन गरेको हो । बैठकले निवर्तमान अध्यक्ष धरेललाई सम्मानसहित बिदाइ गरेको छ ।

पौडेल नेपाल खेलकुद महासंघका पूर्व अध्यक्ष समेत हुन् । उनी यसअघि संघको वरिष्ठ उपाध्यक्षको रूपमा रहेका थिए । संघको नेतृत्वमा चयन भएपछि पौडेलले क्लाईम्बिङ खेललाई नयाँ उचाईमा पुऱ्याउने प्रतिबद्धता जनाए ।

नेकपा एमालेको युवा संघ नेपालको नेतृत्व गरिसकेका पौडेलले छोटो समयमा खेलकुदको राजनीतिमा समेत आफुलाई स्थाापित गरेका छन् । त्यसैगरी संघको प्राविधिक टिमलाई संयोजन र समन्वयको जिम्मेवारी उपाध्यक्ष सुनारबहादुर गुरुङलाई दिइएको छ । संघमा देखिएको सम्पूर्ण समस्या निराकरण गरी सातै प्रदेशको साधरणसभा गर्न अध्यक्ष र महासचिवलाई जिम्मेवारी दिइएको छ । आगामी साउन २७ गते यससम्बन्धी बृहत् कार्यक्रम गर्ने निर्णय गरिएको संघले जनाएको छ ।

## महिला एसिया कप

# उपाधिका लागि भारत र श्रीलंका भिड्दै

**काठमाडौं (प्रस)–** एसिसी महिला एसिया कप क्रिकेटको फाइनलमा भारत र श्रीलंकाले आज (आइतबार) प्रतिस्पर्धा गर्ने भएका छन् । दोस्रो सेमिफाइनलमा पाकिस्तानलाई ३ विकेटले पराजित गर्दै आयोजक श्रीलंकाले भारतसँगको फाइनल भेट पक्का गरेको हो ।

यसअघि पहिलो सेमिफाइनलमा भारतले बंगलादेशलाई १० विकटले पराजित गर्दै महिला एसिया कपटको फाइनलमा नवौं पटक पुगिसकेको छ । यता प्रतिस्पर्धात्मक बनेको दोस्रो सेमिफानलमा भने श्रीलंकाले कठिन जित निकालेको हो । सुरुमा ब्याटिङ गरेको पाकिस्तानले मात्र ४ विकेटको क्षतिमा दिएको १४१ रनको चुनौती एक बल बाँकी हुँदा श्रीलंकाले ७ विकेटको क्षतिमा १४१ रन बनाउँदै भेट्टाएको हो ।

आयोजक श्रीलंका र भारतको फाइनल भिडन्त आइतबार हुँदैछ । यो खेल आइतबार दिउँसो ३:१५ बजे श्रीलंकाको डम्बुला क्रिकेट मैदानमा सुरु हुनेछ । दुई समूहमा विभाजन गरिएका आठ टिमध्ये समूह 'ए'को भारत र 'बी'को श्रीलंकाले फाइनल भेट पक्का गरेका हुन् ।

प्रतियोगितामा सहभागी भएको नेपाल भने समूह चरणबाटै बाहिरिएको छ । तीन खेल खेलको नेपालले यूएईविरुद्ध ६ विकेटको जित निकालेको थियो । समूह चरणकै भेटमा पाकिस्तानसँग ९ विकेटले पराजित भएको नेपाल भारतसँग ८२ रनले स्तब्ध भएको थियो ।

## पेरिस ओलम्पिक–२०२४

# स्यान्टु प्रारम्भिक चरणमै पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली टेबुल टेनिस खेलाडी स्यान्टु श्रेष्ठ पेरिस ओलम्पिकको प्रारम्भिक चरणमै पराजित भएका छन् । उनी सेनेगलका इब्राहिम डिएवसँग पराजित भएका हुन् । उनी ४-० ले पराजित भएका हुन् । पहिलो सेटमा टक्कर दिएपछि उनी १०-१२ ले पराजित भए । त्यसपछि उनी खेलमा फर्किन सकेनन् र ३-११, ४-११ र ५-११ ले पराजित हुन पुगे ।

योसँगै उनी अन्तिम ६४ मा पुग्न असफल भएका छन् । गत जेठ दुई गते लैनचौरस्थित टेबल टेनिस प्रशिक्षण केन्द्रमा भएको दक्षिण एसियाली छनोट फाइनलमा नेपालकै संयोग कपालीलाई हराउँदै स्यान्टुले ओलम्पिकमा आफ्नो स्थान सुरक्षित गरेका थिए ।

स्यान्टु छनोटचरण पार गरेर पेरिस ओलम्पिक २०२४ खेल्ने एकमात्र नेपाली खेलाडी हुन् । समग्रमा भने उनी छनोटचरण पार गरेर ओलम्पिक खेल्ने तेस्रो खेलाडी हुन् । यसअघि संगिना वैद्य र दीपक विष्टले छनोट चरण पार गरेर ओलम्पिक खेलेक थिए । नेपाली टेबल टेनिस इतिहासमा भने ओलम्पिकमा छनोट हुने उनी पहिलो खेलाडी हुन् ।

त्यसअघि पेरिस ओलम्पिक- २०२४ को एक भव्य समारोहबीच शुक्रबार उद्घाटन गरिएको थियो । ओलम्पिकको इतिहासमा उद्घाटन समारोह रंगशाला बाहिर पहिलो पटक भएको थियो । सहभागी टोलीलाई डुङा र 'क्रुज' मा राखेर सेन नदीमा मार्च पास्ट गराइएको थियो । पेरिसस्थित पोर्ट दि अस्टरलिजबाट सुरु भएको मार्च पास्ट विश्व चर्चित आइफल टावरमा पुगेर टुंगिएको थियो । कडा सुरक्षाबीच भएको उद्घाटन समारोहको मार्च पास्टका लागि ८५ डुङा प्रयोग गरिएको थियो ।




मार्च पासमा नेपालको झन्डा श्यान्टु श्रेष्ठ र मनिता श्रेष्ठ प्रधानले बोकेका थिए । लैंगिक समानतालाई मध्यनजर गरी अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) ले टोकियो ओलम्पिक- २०२० को संस्करणदेखि पुरुष र महिला खेलाडीलाई मार्च पास्टमा राष्ट्रिय झन्डा बोक्न दिन सुरु गरेको हो । मार्च पास्टमा श्यान्टु र मनितासहित नेपालबाट ८ जना सहभागी थिए ।

नेपाली टोलीका 'सेफ दि मिसन' राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल ओलम्पिक कमिटी (एनओसी) का उपाध्यक्ष एवं कार्यकारी निर्देशक चतुरानन्द राज वैद्य, एनओसीकी उपाध्यक्ष ज्योति राणा, एनओसीका सचिव रामजीबहादुर श्रेष्ठ, पौडी खेलाडी एलेक्जेन्डर शाह र ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाल सहभागी थिए ।

मार्चपासका लागि नेपालसहित नामिबिया र नाउरुको टोलीलाई एउटै डुंगामा राखिएको थियो । मार्च पास्ट सहभागी दुई सय ६ राष्ट्रका खेलाडी र अफिसियल गरी करिब सात हजार मात्र सहभागी थिए । फ्रान्सले एक सय वर्षपछि ओलम्पिक आयोजना गरेको हो । पछिल्लो पटक १९२४ को आठौं संस्करण पेरिस सहरमै भएको थियो । फ्रान्सले ओलम्पिक आयोजना गरेको यो तेस्रो पटक हो । सन् १९०० को ओलम्पिक पनि फ्रान्समै भएको थियो ।

पेरिस ओलम्पिकको ३३ औं संस्करणमा नेपालबाट ६ खेलमा सात खेलाडी सहभागी छन् । तीन पुरुष र चार महिला खेलाडी सहभागी छन् । टेबल टेनिसमा श्यान्टु श्रेष्ठ र ब्याडमिन्टनमा प्रिन्स दाहालले पुरुष सिंगल्समा प्रतिस्पर्धा गर्ने छन् । पुरुष एक सय मिटर फ्रिस्टायलमा एलेक्जेन्डर शाहले भाग लिने छन् ।

महिलामा सुटिङकी सुस्मिताले १० मिटर एयर राइफल, पौडीकी डुवाना लामाले २ सय मिटर फ्रिस्टायल, जुडोकी मनिता श्रेष्ठ प्रधानले ५७ केजीमुनि र एथलेटिक्सकी सन्तोषी श्रेष्ठले म्याराथन (४२.१९५ किलोमिटर) मा नेपालको चुनौती प्रस्तुत गर्ने छन् । सन्तोषीबाहेक सबै खेलाडी पेरिसमै छन् । सन्तोषी जुलाइ ३० तारिखमा पेरिस आइ पुग्ने छिन् । सन्तोषीको खेल पेरिस ओलम्पिकको अन्तिम दिन अगस्ट ११ तारिखमा छ ।

सातै नेपाली खेलाडीको यो 'डुब्यु' ओलम्पिक हो । सन् १९६४ को टोकियो ओलम्पिकदेखि नेपालले गृष्मकालीन ओलम्पिकमा सहभागिता जनाउन थालेयता टेबल टेनिस र ब्याडमिन्टनमा नेपालले पहिलो पटक सहभागिता जनाउन लागेको हो । त्यसमा श्यान्टु छनोट चरण पार गरेरै ओलम्पिकमा सहभागी हुन लागेका हुन् । नेपालमै भएको दक्षिण एसियाली ओलम्पिक छनोट प्रतियोगितामा पहिलो हुँदै श्यान्टुले पेरिस ओलम्पिक- २०२४ मा स्थान पक्का गरेका थिए । गृष्मकालीन ओलम्पिकमा यस्तो उपलब्धि हात पार्ने श्यान्टु तेस्रो नेपाली खेलाडी हुन् । यसअघि संगीना वैद्यले २००४ को एथेन्स ओलम्पिक तथा दीपक विष्टले २००८ को बेइजिङ ओलम्पिक छनोट चरण पार गर्दै नेपालको प्रतिनिधित्व गरेका थिए ।

पेरिस ओलम्पिकमा २ सय ६ राष्ट्रका करिब १० हजार ५ सय खेलाडीले ३ सय २९ स्पर्धामा प्रतिस्पर्धा गर्ने छन् । प्रत्येक ४ वर्षको अन्तरालमा हुने ओलम्पिक यो पटक तीन वर्षमा भएको हो । ३२ औं संस्करणको टोकियो ओलम्पिक २०२० लाई तय भए पनि कोभिड-१९ का कारण २०२१ मा भएको थियो । यसैबीच उद्घाटन समारोहको अघिल्लो दिन फ्रान्सस्थित नेपाली दूतावासले पेरिस ओलम्पिकमा सहभागी हुने नेपाली टोलीलाई स्वागत गर्दै सफलताका लागि शुभकामना दिएको थियो ।

### चीनलाई पहिलो स्वर्ण

पेरिस ओलम्पिकमा चीनले पहिलो स्वर्ण जितेको छ । मिक्स टिम १० मिटर एयर राइफलको फाइनलमा सेङ लिहाओ र हुआङ युतिङको जोडीले दक्षिण कोरियाका केयुम जी-हेयोन र पार्क हा-जुनको जोडीलाई १६-१२ ले पराजित गर्दै स्वर्ण जितेको हो ।

# अमेरिकी राष्ट्रपतीय निर्वाचनमा कमला ह्यारिसको उम्मेदवारी घोषणा



**वासिङ्टन डिसी-** अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपति चुनावका लागि आफ्नो उम्मेदवारीको आधिकारिक घोषणा गरेकी छन् ।


'आज, मैले संयुक्त राज्य अमेरिकाको राष्ट्रपति पदका लागि आधिकारिकरूपमा मेरो उम्मेदवारी घोषणा गर्ने फाराममा हस्ताक्षर गरेको छु । म हरेक मत कमाउन कडा मिहेनत गर्नेछु र नोभेम्बरमा हाम्रो जित हुने छ,' ह्यारिसले आफ्नो पोस्टमा भनेकी छन् ।

नोभेम्बर ५ मा हुने अमेरिकी राष्ट्रपति चुनावमा उपराष्ट्रपति ह्यारिसलाई डेमोक्र्याटिक पार्टीले आफ्नो उम्मेदवारको रूपमा समर्थन जनाएको छ । यसअघि शुक्रबार पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामाले अमेरिकी राष्ट्रपति पदका लागि ह्यारिसलाई सार्वजनिक रूपमा समर्थन गरेका थिए ।

ओबामाले आफू र अमेरिकाकी पूर्वप्रथम महिला मिशेल ओबामाले नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा ह्यारिसको जित सुनिश्चित गर्न आफूले सक्दो सहयोग गर्ने बताए ।

यस हप्ताको सुरुमा ओभल अफिसबाट राष्ट्रलाई सम्बोधन गर्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले ह्यारिसलाई 'महान उपराष्ट्रपति'को रूपमा सम्बोधन गरेका थिए । 'उहाँ अनुभवी हुनुहुन्छ र राष्ट्रपति पदका लागि सक्षम हुनुहुन्छ,' बाइडेनले भनेका थिए ।

यसबाहेक, ह्वाइट हाउसका प्रेस सचिव करिन जिन पियरेले डेमोक्र्याटिक पार्टीबाट राष्ट्रपति उम्मेदवारका लागि कमला ह्यारिसभन्दा योग्य अरू नभएको बताएका थिए । *रासस/एएनआई*



फ्रान्सको पेरिसमा शुक्रबार राति 'पेरिस ओलम्पिक-२०२४' खेलकुदको उदघाटन समारोहको क्रममा प्रज्वलित ओलम्पिक काल्ड्रन बोकेको बेलुन, पृष्ठभूमि आइफिल टावर । *तस्बिर: एएफपी*

## आइओसीले माग्यो दक्षिण कोरियासँग माफी

**सियोल-** अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले शनिबार पेरिस ओलम्पिकको उदघाटन समारोहमा दक्षिण कोरियाली खेलाडीलाई उत्तर कोरियाली भनेर गलत परिचय गराइएकोमा माफी मागेको छ ।

फ्रान्सको राजधानीमा आयोजित ओलम्पिकको उदघाटनमा दक्षिण कोरियाली प्रतिनिधिमण्डललाई उत्तर कोरियाको आधिकारिक नामले परिचय गराइएको थियो । 'उदघाटन समारोहका क्रममा दक्षिण कोरियाली टोलीको परिचय गराउँदा भएको गल्तीका लागि हामी माफी माग्छौं,' आइओसीले आफ्नो आधिकारिक कोरियाली भाषाको एक्स खातामा एक पोस्टमा भन्यो ।

आइओसीको यस त्रुटिले दक्षिण कोरियामा अप्रसन्न प्रतिक्रिया निम्त्याएको छ । 'सन् २०२४ पेरिस ओलम्पिकको उदघाटन समारोहमा दक्षिण कोरियाली प्रतिनिधिमण्डललाई उत्तर कोरियाली टोलीको रूपमा प्रस्तुत गरिएकोमा खेद व्यक्त गर्दछौं,' दक्षिण कोरियाको खेलकुद मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ ।

देशको उपखेलकुदमन्त्री जाङ मि-रानले यस विषयमा आइओसी प्रमुख थोमस बाखसँग छलफल गर्ने बताएका छन् ।

दक्षिण कोरियाको राष्ट्रिय ओलम्पिक कमिटीले पनि पेरिस ओलम्पिक आयोजक समिति र आइओसीसँग भेट गरेर यस्तो गल्तीको पुनरावृत्ति रोक्न अनुरोध गर्ने र आफ्नो प्रतिनिधिमण्डलका प्रमुखको नाममा आधिकारिक विरोधपत्र पठाउने योजना बनाएको सियोलको खेल मन्त्रालयले जनाएको छ । *रासस/एएफपी*

## गाजामा पुनः इजरायली सेनाको निकासी आदेश

**गाजा (प्यालेस्टाइन)-** गत बुधबार पाँचवटा इजरायलीको शव बरामद गरेसँगै नयाँ कारबाहीको चेतावनीपछि इजरायली सेनाले शनिबार दक्षिणी गाजाको खान युनिस सहरका बासिन्दालाई पुनः नयाँ निकासी आदेश जारी गरेको छ ।

गत सोमबार सेनाले यस क्षेत्रमा कारबाही सुरु गरेदेखि लडाइँका कारण एक लाख ८० हजारभन्दा बढी प्यालेस्टिनी विस्थापित भएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

प्यालेस्टिनी क्षेत्रमा डरलाग्दो स्वास्थ्य र सरसफाइको अवस्था रिपोर्ट गर्दै राष्ट्रसंघले निकासी आदेश र शत्रुतापूर्ण व्यवहारले सहायता कार्यलाई अस्थिर बनाएको उल्लेख गरेको छ । सुरक्षित मानवीय क्षेत्र घोषित क्षेत्रसहित खान युनिस क्षेत्रमा सेनाले निकासी चेतावनी दिएपछि स्वास्थ्य मन्त्रालयले सोमबार खान युनिसमा इजरायली कारबाहीमा ७० जनाको मृत्यु हुनुका साथै २०० भन्दा बढी घाइते भएको जनाएको छ । *रासस/एएफपी*

## खाद्य आयात सुधार नीतिको स्वागत

**तेल अभिभ-** इजरायली संसद्ले पारित गरेको खाद्य आयात सुधारसम्बन्धी नीतिलाई इजरायली स्वास्थ्य मन्त्रालयले स्वागत गरेको छ । यो नीति सन् २०२५ को जनवरी १ देखि लागू हुने छ ।

'सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राख्दै खाद्य आयातको नियमन गर्ने, अवरोध हटाउने र उत्पादनको दायरा बढाउने सुधार नीतिको आधार भूत परिवर्तनको विषय रहेको छ,' मन्त्रालयले जनाएको छ । खाद्य सुधारको एक हिस्साको रूपमा युरोपेली नियम पालना गर्ने र युरोपेली कानुनका आधारमा खाद्य आयात मार्ग खोलेर वैचारिक परिवर्तन सुरु गरेको छ ।

खाद्य सुरक्षा, खाद्य लेबलिङ, दूषित पदार्थलगायत विभिन्न विषयमा युरोपेली नियम अपनाउने यो सुधार नीतिका प्रमुख सिद्धान्त हुन् । यसले युरोपेली कानुनसँग मेलमिलाप सिर्जना गर्ने छ, युरोपमा प्रचलितअनुसार आयातकर्तालाई उत्पादनको अखण्डता र सुरक्षाको जिम्मेवारी हस्तान्तरण गर्ने छ, र आयातकर्तालाई गुणस्तर जोखिम व्यवस्थापन र गुणस्तर नियन्त्रण प्रक्रिया पूरा गर्ने उपकरण प्रदान गर्ने छ ।

यस कदमले इजरायलमा खाद्यान्न आयातका लागि इष्टतम अवस्था सिर्जना गर्ने अपेक्षा गरिएको छ र इजरायली उद्योगका लागि पनि नियामक निश्चिततालाई अनुमति दिने मन्त्रालयले बताएको छ । *रासस/एएनआई*

## गाजामा तत्काल युद्धविराम गर्न अस्ट्रेलिया, क्यानाडा र न्युजिल्यान्डको आह्वान



**क्यानबेरा (अस्ट्रेलिया)-** अस्ट्रेलिया, क्यानाडा र न्युजिल्यान्डले संयुक्त विज्ञप्तिमार्फत गाजामा तत्काल युद्धविरामको आह्वान गरेका छन् । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिज, क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडो र न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनले गाजामा तत्काल युद्धविराम आह्वान गर्दै हेजबुल्लाह र इजरायलबीचको द्वन्द्वको जोखिमबारे वक्तव्य जारी गरेका हुन् ।

विज्ञप्तिमा गाजाको भयावह अवस्थाले निम्त्याएको मानवीय दुःख अस्वीकार्य भएको उल्लेख गरिएको छ । उनीहरूले हमासले द्वन्द्वको अन्त्य गरी सबै बन्धकहरूलाई रिहा गर्नुपर्नेमासमेत जोड दिएका छन् ।

अक्टोबर-७ को आक्रमण र जारी आतंकवादी कार्यका लागि हमासको निन्दा गर्दै उनीहरूले गाजाको भावी शासनमा हमासको कुनै भूमिका नरहेको उल्लेख गरेका छन् । इजरायलले अन्तर र्राष्ट्रिय समुदायको चिन्ता सुन्नुपर्ने कुरामा जोड दिँदै उनीहरूले नागरिकको सुरक्षाका लागि अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न आह्वान गरेका छन् ।

उनीहरूले गाजामा तत्काल युद्धविरामको आह्वान गर्दै मानवीयता सम्बोधनका लागि सहायता प्रवाहमा निरन्तर वृद्धि गर्न आवश्यक रहेको जनाएका छन् । यसै क्रममा अमेरिकी राष्ट्रपति जो बाइडेनको व्यापक युद्धविराम सम्झौतालाई स्मरण गर्दै उनीहरूले सम्झौताका लागि समर्थन व्यक्त गरेका छन् ।

निरन्तरको युद्धले गाजामा तनाव बढ्ने चिन्तासहित नेताहरूले अप्रिल १३-१४ मा इरानले इजरायलमा गरेको आक्रमणको निन्दा गर्दै इरानलाई थप अस्थिरता नफैलाउने आग्रह गरका छन् । उनीहरूले युद्धविराम आह्वानको संयुक्त विज्ञप्तिमा तेल अभिभमा ड्रोन आक्रमण र अन्तर्राष्ट्रिय ढुवानीमा हुथीहरूको गैरन्यायिक कार्यहरूको पनि निन्दा गरेका छन् ।

अस्ट्रेलिया, क्यानाडा र न्युजिल्यान्डका नेताहरूले राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव-१७०१ कार्यान्वयन गर्ने कूटनीतिक प्रयासलाई समर्थन व्यक्त गर्दै संलग्नहरूलाई संयमता अपनाउन आग्रह गरेका छन् ।

युद्ध लम्बिँदाले इजरायल र लेबनान र यहाँका नागरिकका लागि विनासकारी परिणाम निम्त्याउनेसमेत विज्ञप्तिमा उल्लेख छ । *रासस/एएनआई*

## दक्षिण-पूर्वी एसियामा बढ्दो हेपाटाइटिस संक्रमणको रोकथाम आवश्यक: डब्ल्युएचओ




**नयाँदिल्ली-** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले शनिबार दक्षिण-पूर्वी एसियाली मुलुकलाई बढ्दो हेपाटाइटिस 'बी' र 'सी' संक्रमणको रोकथाम र उपचारका लागि विश्वव्यापी पहुँच आवश्यक रहेको बताएको छ ।

हेपाटाइटिसको रोकथाम र उपचार सम्भव भए पनि यसको दीर्घकालीन संक्रमणले दक्षिण पूर्वी एसियाली क्षेत्रमा कलेजोको क्यान्सर र 'कलेजो फेल' जस्ता गम्भीर रोगले मृत्यु निम्त्याइरहेको डब्ल्युएचओको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिका अनुसार पछिल्लो समय यस क्षेत्रमा कलेजोको क्यान्सर मृत्यु निम्त्याउने चौथो ठूलो कारण बनेको छ । हेपाटाइटिस बी र सी संक्रमणले यस क्षेत्रको लगभग ७५ प्रतिशत मानिसहरूको कलेजो फेल हुने गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सन् २०२२ मा यस क्षेत्रका ७०.५ मिलियन मानिसले भाइरल हेपाटाइटिस बी र सी संक्रमण सामना गरिरहेका थिए । विश्वव्यापीरूपमा हेपाटाइटिस बी र सीले प्रतिदिन तीन हजार ५०० को मृत्यु हुने र प्रत्येक दिन छ हजार हेपाटाइटिसको नयाँ संक्रमित भेटिने गरेका छन् ।

कोभिड-१९ पछि सन् २०२२ मा संक्रामक रोगहरूमा भाइरल हेपाटाइटिस र क्षयरोग मृत्युको दोस्रो प्रमुख कारण बनेको छ । यद्यपि, प्रारम्भिक उपचारबाट हेपाटाइटिस बी र सी संक्रमण नियन्त्रण गर्न सकिने डब्ल्युएचओले जनाएको छ ।

डब्ल्युएचओका अनुसार दक्षिण-पूर्वी एसियामा हेपाटाइटिस बी र सी परीक्षण र उपचारको पहुँच कम छ । हेपाटाइटिस संक्रमणबाट विशेषतः नवजात शिशु र बालबालिका उच्च जोखिममा छन् ।

'भाइरल हेपाटाइटिस यस दशकको प्रमुख जनस्वास्थ्य चुनौती हो । तर जनस्वास्थ्यको दृष्टिकोण र स्वास्थ्य क्षेत्रमा विश्वव्यापी लगानीको वृद्धिले सन् २०३० सम्ममा भाइरल हेपाटाइटिसको उन्मूलन सम्भव छ,' डब्ल्युएचओकी क्षेत्रीय निर्देशक साइमा बाजेदले बताइन् ।

'आज जीवन बचाउनु र भावी पुस्ताको स्वास्थ्यको रक्षा गर्नु हाम्रो सामूहिक जिम्मेवारी हो,' उनले भनेकी छन् । *रासस/एएनआई*

## ताइवानमा आँधीले आठ जनाको मृत्यु

**ताइपेइ (ताइवान)-** ताइवानमा गेमी आँधीले आठ जनाको मृत्यु भएको छ । केन्द्रीय आपत्कालीन सञ्चालन केन्द्र (सिइओसी)को शुक्रबार जारी सिइओसीको तथ्यांकका अनुसार चक्रवातको कारण एक जना बेपत्ता हुनुका साथै ८६६ जना घाइते भएको फोकस ताइवानलाई रिपोर्ट गरेको छ ।

चक्रवात ताइवान छोडी चीनमा पुगेता पनि, मध्य र दक्षिणी ताइवानमा अविरल वर्षा जारी रहने फोकस ताइवानले रिपोर्ट गरेको छ । हताहतमा आँधी प्रभावित क्षेत्रमा चक्रवातका कारण भएका दुर्घटनामा परी मानिसहरूले ज्यान गुमाएको फोकस ताइवानले जनाएको छ ।

ज्यान गुमाउनेहरूको अहिलेसम्म पहिचान हुन नसकेको र अनुसन्धान जारी रहेको बताइएको छ । फोकस ताइवानका अनुसार अझै पनि अधिकारीहरूले बेपत्ताहरूको खोजी गरिरहेका छन् । सिइओसीका अनुसार आँधीका कारण विस्थापित भएका एक हजार २३२ जनालाई सुरक्षित राख्नका लागि २७९ वटा आपत्कालीन शिविर निर्माण गरिएको छ ।

केन्द्रले ताइवानको पूर्वी र दक्षिणी भागमा अझै पनि अत्यधिक भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ । *रासस/एएनआई*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १४४७०० | प्रति तोला - १४४७०० | प्रति तोला - १७३०



**आन्तरिक पर्यटक** | पोखरा महानगरपालिका-३१ लेखनाथमा अवस्थित बेगनास तालमा डुंगा सयर गर्दै आन्तरिक पर्यटक ।

*तस्बिरः रामबहादुर थापा/रासस*

## विद्युत् बक्यौता नतिर्ने ग्राहकको लाइन काटियो

■ प्रभाव संवाददाता

**झापा–** नेपाल विद्युत् प्राधिकरणको अनारमनी वितरण केन्द्रले गत आर्थिक वर्ष २०८०/८१ मा महसुल नबुझाउने एक हजार एक सय ७० ग्राहकको लाइन काटेको छ । केन्द्रका प्रमुख सञ्जीवकुमार साहले वर्षभरिमा लाइन काटिएकामध्ये एक हजार एक सय ३६ ग्राहकले बक्यौता महसुल र जरिवाना तिरेपछि पुनःविद्युत् जडान गरिएको बताए । उनका अनुसार योसँगै ३४ जना ग्राहकले मात्र बक्यौता तिर्न बाँकी छ ।

'विद्युत् काटिएका ग्राहकले प्राधिकरणलाई बुझाउनुपर्ने बक्यौता महसुल र जरिवाना रु छ करोड ७० लाख २८ हजार चार सय १२ थियो । एक हजार एक सय ३६ ग्राहकबाट रु तीन करोड ९० लाख ९७ हजार पाँच सय ६७ असुली भएको छ', प्रमुख साहले भने । उनका अनुसार बक्यौता बुझाउन बाँकी ३४ ग्राहकसँग प्राधिकरणले रु दुई करोड ७९ लाख ३० हजार आठ सय ४५ असुली गर्न बाँकी छ । अनारमनी वितरण केन्द्रका दुई सय ३७ ग्राहकलाई कालोसूचीमा राखिएको प्राधिकरणले जनाएको छ ।

**एक अर्ब ३१ करोड राजस्व असुली**

प्राधिकरणको अनारमनी वितरण केन्द्रले गत आवमा नयाँ विद्युत् लाइन जडान, नियमित विद्युत् महसुल, बक्यौता र जरिवाना असुली गरेर रु एक अर्ब ३१ करोड ८४ लाख ७५ हजार राजस्व संकलन गरेको जनाएको छ ।

जिल्लामा रहेका विद्युत् वितरण केन्द्रमध्ये सबैभन्दा बढी ग्राहक अनारमनी केन्द्रमा रहेका छन् । यहाँ ९३ हजार चार सय १८ ग्राहक संख्या रहेको केन्द्रका प्रमुख साहले जानकारी दिए । ग्राहस्थ तथा गैरग्राहस्थ, व्यापारिक, गैरव्यापारिक, औद्योगिक, सडक बत्ती, सिँचाइ, खानेपानी, मन्दिर, यातायात, आन्तरिक खपत, सामुदायिक, मनोरञ्जनलगायत क्षेत्रमा ग्राहक विभाजन गरेर महसुल उठाउने गरिएको उनले बताए ।

'उपभोक्तालाई हामीले प्रभावकारी र गुणस्तरीय सेवा उपलब्ध गराउने हो', प्रमुख साहले भने, 'खपत भएको विद्युत् युनिट बराबरको बिलमा तोकिएको रकम सबैले आफ्नो कर्तव्य ठानेर तिर्नुपर्छ, तिर्न आनाकानी गरे वा ढिलाइ भएमा लाइन काट्नु हाम्रो बाध्यता हो ।' अनारमनी वितरण केन्द्रअन्तर्गत छ नगरपालिका र पाँच वटा गाउँपालिकाका उपभोत्ताले विद्युत् सेवा पाउँदै आएका छन् । अधिकांश पालिकाले सडकबत्ती शीर्षकमा प्राधिकरणलाई तिर्नुपर्ने बिलको रकम नतिरेका केन्द्रका प्रमुख साहले गुनासो गरे ।

साहका अनुसार रकम भुक्तानी नगर्नेमा विर्तामोड, अर्जुनधारा, कनकाई नगरपालिका, मेचीनगरका-११, १२, १३ र १४, शिवसताक्षी नगरपालिका-७ र १०, इलामको माई नगरपालिका-५, झापा गाउँपालिका-१, २, ३, ४, ५, ६ र ७, हल्दिबारी गाउँपालिका-१, बुद्धशान्ति गाउँपालिका-५, रोङ गाउँपालिका-२ रहेका छन् । उनले उल्लेखित पालिकाले सार्वजनिक भवन तथा सडक बत्ती बापतको रकम भुक्तानी गर्न बाँकी रहेको बताए ।

सबैभन्दा बढी बाह्रदशी गाउँपालिकाको रु ५५ लाख ३८ हजार ४६, विर्तामोड नगरपालिकाको रु २९ लाख ७४ हजार नौ सय ५७, मेचीनगर नगरपालिकाको रु १० लाख ८८ हजार छ सय २१ र कनकाई नगरपालिकाको रु १० लाख ६३ हजार सात सय ३९ बक्यौता रकम रहेको साहले जानकारी दिए ।

## ३१ अर्बभन्दा बढीको फोन आयात

**काठमाडौं (प्रस)–** गत आर्थिक वर्ष २०८०/८१ मा स्मार्टफोन, हेडफोन र मोबाइल चार्जरको आयातमा मात्र मुलुकबाट करिब रु साढे ३१ अर्ब बाहिरिएको छ । भन्सार विभागका अनुसार गत आवको वैदेशिक व्यापारसम्बन्धी तथ्यांकअनुसार नेपालमा पेट्रोलियम पदार्थ र फलामजन्य वस्तुपछि तेस्रो स्थानमा स्मार्टफोन आयात गरिएको छ ।

गत आवमा स्मार्टफोन आयातमा मात्र रु २८ अर्ब ६६ करोड ६२ लाख ३५ हजार बराबर बाहिरिएको हो । यस अवधिमा १८ लाख ३९ हजार ३५ सेट स्मार्टफोन नेपाल भित्रिएका छन् ।

स्मार्टफोनको आयात सरकारले रु पाँच अर्ब ३३ करोड ९४ लाख बराबर भन्सार राजस्व उठाएको पनि विभागको तथ्यांकबाट देखिन्छ । गत आवमा रु एक अर्ब ४२ करोड ९० लाख ८५ हजार बराबरको १७ लाख ५८ हजार छ सय ९० सेट टेलिफोन आयात भएका छन् । त्यस्तै, हेडफोन आयातमा मात्र रु ६५ करोड ९३ लाख २८ हजार विदेशिएको छ ।

## पुष्पखेतीका लागि विदेशी प्राविधिकबाट प्रशिक्षण

■ प्रभाव संवाददाता

**काठमाडौं–** फ्लोरिकल्चर एशोसिएसन नेपालले पुष्पखेतीको थप विकास र विस्तारका लागि विदेशी नर्सरी प्राविधिकको टोलीसहित विभिन्न जिल्लामा प्रशिक्षण सञ्चालन गरिरहेको छ ।

हरेक वर्ष बढिरहेको बजार मागलाई स्वदेशी उत्पादनले धान्नका लागि फूलखेतीको थप विकास र माटो सुहाउँदो उत्पादन बढाउन नेदरल्याण्ड्सबाट दक्ष प्राविधिकसहितको टोलीले तालिम दिइरहेको एशोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले जानकारी दिए । अहिले चितवन र इलाममा तालिम सकिएको छ भने अन्य केही जिल्लामा पनि सञ्चालन गर्ने तयारी छ ।

हरेक वर्ष १५ देखि २० प्रतिशतसम्म फूलको माग बढ्ने गरेको छ । उक्त माग धान्नका लागि उत्पादन बढाउनुपर्ने अवस्था छ । त्यसैले सम्भावित जिल्लामा विदेशी विज्ञबाटै तालिम सञ्चालन गरिएको अध्यक्ष तामाङले भने ।

तिहारमा प्रयोग हुने मखमली र गोदावरी फूल स्वदेशी उत्पादनले पुग्ने गरेको भए पनि तिहारमै प्रयोग हुने सयपत्री र अन्य समयमा प्रयोग हुने रातो गुलाफ भने छिमेकी मुलुक भारतबाट ल्याउनुपर्ने बाध्यता अझै नटरेको तामाङ बताए । नेपालमा विसं २००७ देखि सुरु भएको पुष्प व्यवसाय सहरीकरणको विकास तथा विस्तारसँगै फस्टाउँदै गएको भए पनि बजार मागअनुसार स्वदेशी उत्पादनले नै धान्न सक्ने अवस्था नभएको एशोसिएसनले बताएको छ ।

फूलको मागमा आएको वृद्धिसँगै विशेषगरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ५२ जिल्लामा लगभग पाँच सय नर्सरी विस्तार भएका छन् ।

व्यावसायिक रूपमा चार सय ५० प्रजातिका फूल नेपालमा उत्पादन हुँदै आएको छ । यस व्यवसायबाट ४४ हजारभन्दा बढी व्यक्तिले प्रत्यक्ष अप्रत्यक्ष रूपमा लाभ लिएको बताइएको छ । नेपालमा लगभग दुई सय ४० हेक्टर क्षेत्रफलमा एक हजार एक सय १६ व्यवसायीले यसको खेती गर्दै आएका छन् ।

अन्य समयमा भन्दा वर्षात्को समयमा सजावटका लागि प्रयोग गरिने (कट फ्लावरको) व्यापार बढी हुने बताइएको छ । वर्षाको समयमा उत्सव कम हुने भएकाले अन्य फूल कम बिक्री भए पनि कटफ्लावर बढी बिक्री हुने गरेको छ । अहिले अन्य फूल लगाउने समय भएकाले बेर्ना बिक्री हुने गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा पुष्प व्यवसायमा रु तीन अर्ब ६८ करोड ७२ लाखको कारोबार भएको छ ।

## वीरगञ्ज भन्सारको कारोबार घट्यो

**वीरगञ्ज (प्रस)–** प्रमुख भन्सार नाका वीरगञ्ज भन्सार कार्या(लय मार्फत् हुने आयात र निर्यात दुवैमा गिरावट आएको छ । गत आर्थिक वर्षमा विदेशीमुलुकबाट कम मात्रामा सामान नेपाल भित्रिदा तथा नेपालबाट विदेशी मुलुकमा हुने निर्यातमा पनि कमी आउँदा समग्र यो नाका हुँदै हुने वैदेशिक व्यापार नै खुम्चिन पुगेको हो ।

आव २०८०/८१ मा यो नाका हुँदै रु ६ खर्ब ९ अर्ब २८ करोड ११ लाख १४ हजार बराबरको वस्तु तथा सामान आयात भएको छ । जबकी आव २०७९/८० को तुलनामा गत आवमा मात्रै आयात १२.८५ प्रतिशतले घटेको छ । आव २०७९/८० मा ६ खर्ब ९९ अर्ब १२ करोड ६ लाख ६९ हजार बराबरको वस्तु तथा सामान नेपाल आयात भएको थियो ।

## 'अर्थतन्त्र सुधार सरकारको प्राथमिकतामा'

■ प्रभाव संवाददाता

**लमजुङ–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को गठबन्धन सरकारको प्राथमिकतामा सुशासन र अर्थतन्त्र सुधार रहेको बताएका छन् ।

गृह जिल्ला लमजुङ आएका मन्त्री गुरुङले एमाले मध्यनेपाल नगर कमिटिद्वारा उनको सम्मानमा आयोजित बधाई तथा शुभकामना कार्यक्रममा उनले यसअघि स्थिर सरकार नहुँदा विकासले अपेक्षाकृत गति लिन नसकेको टिप्पणी गरे । उनले वर्तमान सरकार सुशासन कायम गर्दै अर्थतन्त्र सुधारमा केन्द्रित हुनेमा जोड दिए । वर्तमान सरकारप्रति जनताको भरोसा रहेकाले सोहीअनुसार काम गर्ने उनको भनाइ थियो । 'वर्तमान सरकारलाई असफल हुने छुट छैन, स्थापित पुराना राजनीतिकले नै मुलुकमा देखिका समस्या समाधान गर्नुपर्छ ।' मन्त्री गुरुङले सरकारी विद्यालयमा सूचना प्रविधिको प्रयोग बढाउनुका साथै निःशुल्क इन्टरनेटको सुविधा उपलब्ध गराउने मन्त्रालयको योजना रहेको सुनाए ।

नगर कमिटी अध्यक्ष सुमन श्रेष्ठले मन्त्री गुरुङलाई बधाई दिँदै सफल कार्यकालको शुभकामना दिए । त्यस अवसरमा नगर कमिटिका पदकाधिकारी, कार्यकर्ता र स्थानीयले गुरुङलाई माला र खादाले स्वागत गरेका थिए ।

दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छन् ।
त्यसैले,
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धिकरण गरेर मात्र पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भेडेटारमा 'स्काइवाक टावर', व्यवसायी उत्साही

■ प्रभाव संवाददाता

**धनकुटा–** पर्यटकीयनगरी भेडेटारमा स्काइ वाक टावर सञ्चालनमा आएपछि यहाँका होटल व्यवसायीहरू उत्साही बनेका छन् । वोन्डर्स एम्युजमेन्ट पार्कस् एण्ड एट्र्याक्सन्स प्रालिले धनकुटा साँगुरीगढी गाउँपालिका-६ मा ११ रोपनी क्षेत्रफलमा रु २० कारोड लगानीमा स्काइ वाक टावरको शुक्रबारदेखि सञ्चालनमा ल्याएको हो ।

टावर सञ्चालनमा आएसँगै यहाँको पर्यटकीय गतिविधि बढ्नेमा यहाँका पर्यटन व्यवसायीहरू आशावादी बनेका छन् । होटल सङ्घ भेडेटारका अध्यक्ष तुमराज लिम्बुले टावर सञ्चालनपछि पर्यटकीय गतिविधि चलायमान हुने विश्वास व्यक्त गरे । 'टावरको उद्घाटनमा पनि पर्यटकको आगमन बढेको छ, अब यहाँका होटलको व्यापार सुधार हुने अपेक्षा लिएका छौं', उनले भने ।



लामो समयदेखि होटल व्यवसायमा संलग्न होटल अरुण टपका सञ्चालक रमेश श्रेष्ठले होटलको व्यापारसँगै यस क्षेत्रको कृषि उपज बेचबिखनमा समेत सहयोग पुग्ने बताए ।

होटल सङ्घका भेडेटारका पूर्वअध्यक्ष तथा होटल लावती कर्नरका सञ्चालक लिलाराज लावतीले पनि यहाँ सञ्चालित एक सयभन्दा बढी ठूला होटललाई यस परियोजनाले महत्वपूर्ण सहयोग पुग्ने बताए ।

गर्मीमा तराईबाट यहाँ आउने पर्यटकहरूको धेरै हुने गरेको छ । चुरे पहाडमा अवस्थित यस भेडेटार आसपासबाट हिमाल, पहाड र तराईको दृष्य एकैसाथ हेर्न पाइन्छ । होटल सङ्घका अनुसार दृश्यावलोकनका लागि भेडेटारमा दैनिक पूर्वी भारत र नेपालका विभिन्न स्थानबाट दुई हजारभन्दा बढी पर्यटकहरू आउने गरेका छन् ।

साँगुरीगढी गाउँपालिकाका अध्यक्ष जितेन्द्र रुम्दाली राईले टावर सञ्चालनमा आएपछि यहाँको पर्यटन विकासमो टेवा पुग्ने बताए । हाल भेडेटारमा साना र ठूला गरी दुई सयभन्दा बढी होटल सञ्चालनमा छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ